राजस्व सुधार कार्ययोजना

आ.व. २०८३/८४-२०८५/८६

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०२/१३







वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, सुर्खेत

२०८३

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

मन्तब्य

वीरेन्द्रनगर नगरपालिकाले आन्तरिक राजस्व बृद्धिलाई स्थानीय विकास र सेवा प्रवाहको महत्वपूर्ण आधारका रुपमा अघि बढाउँदै आएको छ। नगरपालिकाले आन्तरिक राजस्व बृद्धिलाई निरपेक्ष रुपमा नहेरी यसबाट स्थानीय अर्थतन्त्रमा पर्नसक्ने प्रभाव समेतका आधारमा राजस्वको दायरा विस्तारलाई केन्द्रविन्दुमा राखेर राजस्व नीति तथा कानुन तजुर्मा र कार्यान्वयन गर्दै आइरहेकोछ। पहिलो पटक राजस्व सुधार योजना २०७५ निर्माण गरी सोही आधारमा आर्थिक बर्ष २०७५/७६ देखि २०७८/७९ सम्मको आन्तरिक राजस्व प्रक्षेपण एवं दर र दायरा निर्धारण गरिएको थियो। त्यसपछि दोस्रो राजस्व सुधार कार्ययोजना २०७९ तर्जुमा गरी कार्ययोजना समेतका आधारमा आर्थिक बर्ष २०७९/८० र २०८०/८१ आर्थिक विधेयक तर्जुमा गरियो। राजस्व सुधार कार्ययोजना, २०८२ आन्तरिक राजस्व अभिबृद्धिका लागि नगरपालिकाले गर्दै आएको प्रयासको निरन्तरता हो।

वीरेन्द्रनगर नगरपालिकाले घरभाडालाई पुर्ण रुपमा करको दायरामा ल्याउन गरिएका प्रयास अपेक्षित रुपमा सफल हुन नसकेको, अनौपचारिक रुपमा सञ्चालन भइरहेका वा अन्य निकायमा दर्ता भएपनि नगरपालिकामा दर्ता नभई सञ्चालनमा रहको सबै व्यवसायलाई व्यवसाय करको दायरामा ल्याउने कार्यले मुर्त रुपमा पाउन नसकिरहेको, राजस्व संभाव्य पर्यटकीय क्षेत्र तथा स्थललाई राजस्वमा आवद्ध गर्ने कार्य प्रारम्भिक चरणमा नै रहेको, कर्णाली प्रदेशको राजधानी रहेको यस नगरपालिकाको राजस्व संकलन क्षमता र वास्तविक राजस्व संकलनको स्थितिमा असामाञ्जस्यता देखिएको एवं राजस्व सुधारका योजना प्रभावकारी रुपमा अघि बढाउन राजस्व सुधार कार्ययोजनामा थप स्पष्टता ल्याउनु पर्ने आवश्यकता देखिएको छ। त्यसैले राजस्व सुधार कार्ययोजना २०७९ कार्यान्वयनकै क्रममा देखिएका समस्याको सम्बोधन तथा राजस्व संकलनको सम्भावनालाई राजस्व नीति तथा अभ्यासँग आवद्ध गर्ने उद्देश्यले राजस्व सुधार कार्ययोजना २०८२ तर्जुमा गरिएको हो।

राजस्व सुधार कार्ययोजना, २०७९ कार्यान्वयनको सहभागितामुलक समीक्षा तथा अनुशिक्षण, वडा र नगरपालिकामा उपलब्ध तथ्यांक एकीकरण, निजी क्षेत्र तथा सरोकारवालासँग सम्वाद, विभिन्न स्रोतबाट संकलित तथ्यांक एवं धारणहरूको विश्लेषणका आधारमा अध्यावधिक राजस्व सुधार कार्ययोजना तयार गरिएको छ। परिमार्जित राजस्वको सुधार कार्ययोजनामा आर्थिक बर्ष २०८३/८४ देखि २०८५/८६ त्रिवर्षीय प्रक्षेपण र राजस्व सुधारका लागि गरिने क्रियाकलाप सहितको राजस्व सुधार कार्ययोजना २०८२ तयार गरिएको हो। यस कार्ययोजनाले राजस्व सुधारका नगरपालिकाले गर्दै आएको प्रयासलाई थप प्रभावकारी बनाउन तथा नयाँ राजस्व सम्भाव्य क्षेत्रलाई राजस्वको दायरामा ल्याउन नीतिगत र प्रक्रियागत सहजीकरण गर्ने विश्वास लिइएको छ।

अन्त्यमा राजस्व सुधार कार्ययोजना तर्जमा कार्यको समन्वय गर्ने राजस्व परामर्श समिति तथा र राजस्व शाखा, राजस्व सुधार कार्ययोजना तयारी प्रक्रियाको विभिन्न चरणमा सहभागी वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, प्रमूख प्रशासकीय अधिकृत लगायत नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूप्रति आभार व्यक्त गर्दछु। साथै, राजस्व सुधार कार्ययोजनाको समीक्षा र परिमार्जनको कार्यका लागि सहयोग गर्न नगरपालिकाको अनुरोध स्वीकार गरी यो प्रक्रियाको सहजीकरण गर्ने द एशिया फाउण्डेशन र यसलाई अद्यावधिक गरी अन्तिम रुप प्रदान गर्न सहयोग गर्ने यूरोपियन यूनियनको सार्वजनिक वित्त व्यवस्थापन परियोजनाप्रति आभार व्यक्त गर्दछु।

धन्यबाद।

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख
२०८२ पौष

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

भनाई

स्थानीय राजस्व परामर्श समितिको मिति २०८२ साल पौष ८ गते सम्पन्न बैठकले २०८१ सालमा तयार गरिएको मस्यौदा राजस्व सुधार कार्ययोजनालाई समयसापेक्ष रूपमा अद्यावधिक गर्ने तथा यस कार्यका लागि युरोपियन युनियनको सार्वजनिक वित्त व्यवस्थापन परियोजनाबाट प्राविधिक सहयोग लिने निर्णय गरेको थियो। सोही निर्णयको आधारमा वीरेन्द्रनगर नगरपालिकाको राजस्व सुधार कार्ययोजना अद्यावधिक गरिएको हो।

यसरी अद्यावधिक गरिएको राजस्व सुधार कार्ययोजना मिति २०८२ साल पौष ३० गते बसेको स्थानीय राजस्व परामर्श समितिको बैठकबाट अनुमोदन भई नगर कार्यपालिकाको बैठकमा पेश गर्न सिफारिस समेत गरिएको थियो।

यस कार्ययोजनाले नगरपालिकाको राजस्वको यथार्थपरक प्रक्षेपण गरेको छ र निर्धारित लक्ष्य हासिल गर्न आवश्यक कार्यक्रम तथा कार्यहरू स्पष्ट रूपमा उल्लेख गरेको छ। कार्ययोजनामा समावेश कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरपालिका पूर्ण जिम्मेवारीका साथ प्रतिबद्ध रहेको स्पष्ट गर्न चाहन्छु। साथै, सबै सरोकारवाला निकायहरूसँग नियमित संवाद र सहकार्य गर्दै निर्धारित लक्ष्य प्राप्त गर्न नगरपालिका सफल हुने विश्वास व्यक्त गर्दछु।

यस कार्ययोजनालाई पूर्णता दिन महत्वपूर्ण योगदान पुऱ्याउनु हुने स्थानीय राजस्व परामर्श समितिका पदाधिकारीहरू, आवश्यक निर्देशन तथा अभिभावकत्व प्रदान गर्नु हुने नगरप्रमुखज्यू, उद्योग वाणिज्य संघका अध्यक्ष तथा सदस्यहरू, योजना, राजस्व, लेखा लगायत विभिन्न शाखाका कर्मचारीहरू तथा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सरोकारवाला निकाय तथा ब्यक्तिहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

त्यसैगरी, मस्यौदा राजस्व सुधार कार्ययोजनालाई अद्यावधिक गरी अन्तिम रूप दिन प्राविधिक सहयोग उपलब्ध गराउनु हुने युरोपियन युनियनको सार्वजनिक वित्त व्यवस्थापन परियोजनाप्रति विशेष आभार व्यक्त गर्दछु। साथै, यस परियोजनाका विज्ञ डा. हेमराज लामिछानेलाई समेत विशेष धन्यवाद दिन चाहन्छु।

निलकण्ठ खनाल
उपप्रमुख
तथा
संयोजक, स्थानीय राजस्व परामर्श समिति
२०८२ पौष

विषय-सूची

परिच्छेद १: कार्ययोजनाको परिचय १

१.१ पृष्ठभूमी १

१.२ राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजना तयारीको उद्धेश्य ३

१.४ कार्ययोजना तयारीको विधि तथा प्रक्रिया ३

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ४

१.४.२ तथ्यांक सूचना संकलन फारम तथा सूची विकास ५

१.४.३ राजस्व सुधार कार्ययोजना तर्जुमा अभिमुखीकरण कार्यक्रम ५

१.४.४ तथ्यांक एवम सूचना संकलन ६

१.४.५ तथ्यांक विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी ६

१.४.६ मस्यौदा कार्ययोजना माथि छलफल ६

१.४.७ कार्ययोजनालाई अन्तिम रुप प्रदान गर्ने सम्वन्धी छलफल ७

१.४.८ राजस्व सुधार कार्ययोजनालाई अद्यावधिक गर्ने सम्बन्धमा छलफल ७

१.४.९ राजस्व सुधार कार्ययोजना अनुमोदन ७

१.५ राजस्व सुधार कार्ययोजना तयारीको सीमा ७

१.६ राजस्व सुधार कार्ययोजनाको संरचना ८

परिच्छेद २: नगरपालिकाको संक्षिप्त परिचय ९

२.१ पृष्ठभूमी ९

२.१.१ नगरपालिकाको संक्षिप्त परिचय ९

२.१.२ ऐतिहासिक पृष्ठभूमी ९

२.२ आर्थिक अवस्था १०

२.३ जनसाङ्खिक अवस्था १०

२.३.१ वडागत जनसङ्ख्या ११

२.४ भौगोलिक अवस्था १२

२.५ भू-उपयोग १२

२.६ पर्यटकीय तथा धार्मिक स्थलहरू १३

२.७ चाडपर्व, जात्रा तथा मेलाहरू १४

२.८ नगरपालिकाको भौतिक सम्पत्ति १४

२.९ बसोवास गर्ने घरको किसिमको आधारमा घरपरिवारको विवरण १४

२.१० घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण १५

२.११ वीरेन्द्रनगर नगरपालिकाको संगठन संरचना १६

परिच्छेद ३: नगरपालिकाको संस्थागत क्षमता तथा राजस्व संकलन १८

३.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना १८

३.२ नगरपालिकाको राजस्व परिचालन सम्बन्धी कार्ययोजना तथा नीतिहरू १९

३.३ नगरपालिकाको आय समिक्षा १९

३.३.१ स्थानीय सञ्चित कोष १९

३.३.२ नगरपालिकाको गत वर्षहरुको आयको विश्लेषण २१

३.३.३ क्षेत्रगत बजेट खर्चको प्रवृत्ति २४
३.४ आय संकलन क्षमता तथा संस्थागत व्यवस्था २५
३.५ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू २५
परिच्छेद चार: स्थानीय तहको राजस्व अधिकार र सम्भावना २९
४.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था २९
४.१.१ नगरपालिकाको एकल अधिकारः २९
४.१.२ प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) ३१
४.१.३ एकल कर प्रशासन सम्वन्धी ब्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित व्यवस्था) ३१
४.२ नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था ३२
४.३ राजस्व प्रक्षेपण विधि ३४
परिच्छेद पाचँ : राजस्व सुधार कार्ययोजना ३७
५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ३७
५.१.१ कर राजस्व सुधार कार्य योजना ३७
५.१.२ गैरकर राजस्व सुधार योजना ४१
५.१.३ राजस्व प्रशासन सुधार योजना ४४
परिच्छेद ६: आगामी तीन वर्षको राजस्व प्रक्षेपण ४७
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ४७
६.२ नगरपालिकाको अगामी तीन आर्थिक वर्षको आन्तरिक आय प्रक्षेपण ४८
६.३ कार्ययोजनाको अनुगमन तथा मूल्यांकन ५२
परिच्छेद ७: निष्कर्ष तथा सुझाव ५४
७.१ निष्कर्षहरू ५४
७.२ राजस्व सुधारका लागि सुझावहरू ५५

तालिकाहरु

तालिका १: सन्दर्भ सामग्री ४
तालिका २: वडागत जनसाङ्ख्यिक विवरण ११
तालिका ३: भू-उपयोगको अवस्था १२
तालिका ४: धार्मिक तथा पर्यटक स्थलहरूको विवरण १३
तालिका ५: घरको किसिमको आधारमा घरपरिवारको संख्यात्मक विवरण १४
तालिका ६: घरको किसिमको आधारमा घरपरिवारको संख्यात्मक विवरण १५
तालिका ७: नगरपालिकाका विभिन्न तहका कार्यरत कर्मचारी सम्बन्धी विवरण १६
तालिका ८: स्थानीय राजस्व परामर्श समितिको संरचना १८
तालिका ९ : नगरपालिकाको विगत ६ वर्षको आन्तरिक राजस्व परिचालनको अवस्था (रकम रु.) २१
तालिका १०: विगत वर्षहरूको क्षेत्रगत वजेट खर्चको प्रवृत्ती (रकम रु करोडमा) २५
तालिका ११ : नगरपालिकाको राजस्व परिचालनको अवस्था ३३
तालिका १२: कर राजस्व सुधार कार्ययोजना ३७
तालिका १३: गैरकर राजस्व सुधार कार्ययोजना ४१
तालिका १४: राजस्व प्रशासन सुधार कार्ययोजना ४४
तालिका १५: आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ४८

तालिका १६: श्रोतगत राजस्व प्रक्षेपण संरचना (रकम रु. हजारमा)..५२

चार्टहरु

चार्ट १: विगत ६ आर्थिक वर्षको कर र गैरकर राजस्व परिचालनको प्रबृत्तीको तुलना.......................... २४
चार्ट २: समग्र औसत वार्षिक बृद्धिदर वा चक्रवृद्धिदर २४

अनुसूचीहरु

अनुसूची १: प्रारम्भिक कार्यशालाको माइन्यूट ५८
अनुसूची २ : निजी क्षेत्रका प्रतिनिधीसँगको अन्तरक्रियाको माइन्यूट.. ६१
अनुसूची ३ : राजस्व सुधार कार्ययोजनालाई अन्तिम रुप प्रदान गर्ने सम्वन्धी बैठक............................. ६२
अनुसूची ४ : २०८२ पौष ३० गतेको स्थानीय राजस्व परामर्श समितिको बैठकको निर्णय..................... ६३
अनुसूची ५ : विभिन्न चरणमा नगरपालिका र वडा स्तरमा भएका बैठक तथा अन्तरक्रियाका तस्वीरहरू........ ६४

परिच्छेद १: कार्ययोजनाको परिचय

१.१ पृष्ठभूमी

वीरेन्द्रनगर नगरपालिकाले आन्तरिक राजस्व अभिबृद्धिका लागि राजस्व सुधार कार्ययोजना निर्माण र कार्यान्वयको अभ्यास गर्दै आएको छ। निर्वाचित स्थानीय सरकार गठन भए लगत्तै २०७५ सालमा वीरेन्द्रनगर नगरपालिकाले आन्तरिक राजस्वको अवस्था, राजस्व अभिबृद्धिको सम्भावना, राजस्व सुधारका लागि गरिनुपर्ने कार्य सहितको राजस्व अभिबृद्धि कार्ययोजना र सोको कार्यान्वयनबाट आन्तरिक राजस्वमा आउने अपेक्षित परिवर्तन सहित राजस्व प्रक्षेपण समेटिएको राजस्व सुधार कार्ययोजना तयार गरको थियो। उक्त राजस्व सुधार कार्ययोजनाको अवधी २०७८ मा समाप्त भएपछि वि.सं २०७९ मा दोस्रो पटक तर्जुमा गरी कार्यान्वयमा लगेकोछ।

नगरपालिका क्षेत्रमा अनौपचारिक रुपमा सञ्चालन भइरहको घुम्ती पसलहरूलाई औपचारिक व्यवसायका रुपमा दर्ता प्रक्रियामा ल्याउने, कतैपनि दर्ता नभई वा अन्य निकायमा दर्ता भएर नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका व्यवसायलाई राजस्वको दायरामा ल्याउने, व्यवसायिक र आवासीय प्रयोजनमा भाडामा लागाइएका घर जग्गा तथा भवनको बहाललाई करको दायरामा ल्याउने तथा नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय क्षेत्र तथा पुर्वाधारलाई आन्तरिक राजस्वको महत्वपूर्ण क्षेत्रका रुपमा विकास गर्ने जस्ता राजस्व सुधारका महत्वपूर्ण क्षेत्रमा प्राथमिकताका साथ कार्य गर्नका लागि राजस्व नीति, योजना तथा प्राथमिकता अघि बढाउन विद्यमान राजस्व सुधार कार्ययोजना अध्यावधिक गर्नुपर्ने आवश्यकता देखिएकाले यो वीरेन्द्रनगर नगरपालिकाको राजस्व सुधार कार्ययोजना, २०८२ तर्जुमा गरिएको छ।

वीरेन्द्रनगर नगरपालिकाको राजस्व परिचालनको वर्तमान राजस्व व्यवस्थापन एवम संकलन अवस्थाको लेखाजोखा, नगरपालिकाको विभिन्न शाखा उपशाखा स्रोत तथा विभिन्न वाह्य श्रोतहरूवाट प्राप्त सूचना तथा जानकारी एवम् तथ्यांकहरूको विश्लेषण गरी आन्तरिक राजस्व सुधारका क्षेत्र र कार्यहरूको पहिचान तथा आगामी तीन आर्थिक वर्षहरूको आय प्रक्षेपण गरिएको छ। यस कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरू स्पष्ट पारेको छ। साथै अनुगमनका लागि तथा आगामी वर्षहरूको आय बजेट तर्जुमा गर्ने आधार प्रदान गरेको छ। कार्ययोजना प्रतिवेदनमा देहायका विषय वस्तुहरू समेटिएका छन्।

१. राजस्व सुधार कार्ययोजनाको परिचय
२. नगरपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष, सुझाव एवम अनुगमन तथा मुल्यांकन
८. राजस्व सुधार कार्ययोजनाको तर्जुमाको औचित्य

१.२ राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्य

नेपालको संविधान २०७२ मा राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन वटा तहको सरकारको सह अस्तित्व, सहकारिता, समन्वय र पारस्परिक सहयोगको सिद्धान्तका आधारमा हुने व्यवस्था रहेको छ। तीन वटै सरकारहरूले सम्पादन गर्ने कूल १७९५ कार्यहरू मध्य संघीय सरकारले ८७०, प्रदेश सरकारले ५६५ र स्थानीय सरकारले ३६० कार्यहरू सम्पादन गर्ने गरी कार्य विस्तृतीकरण गरिएको छ। त्यसै गरी तीनवटै सरकारहरूको एकल र साझा अधिकार क्षेत्रको सुची संविधानको अनुसुचि ५, ६,७ ८ र ९ मा व्यवस्था गरिएको छ। स्थानीय सरकारको खर्च आवश्यकता र राजस्व उपलब्धता विचको खाडल पुरा गर्नको निम्ती संघ र प्रदेश सरकारवाट चार प्रकारका अनुदानकोर राजस्व बांडफांटको व्यवस्था गरिएको छ। यस बहायक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ, भने स्थानीय सरकारले अन्य संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत रहको छ। यस प्रकार स्थानीय सरकारका आम्दानीका श्रोतहरू संविधानले नै व्यवस्था गरेको छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ८ अनुसार स्थानीय सरकारले आफनो कुल वार्षिक आम्दानीमा आन्तरिक श्रोत तर्फको आयको हिस्सा १० प्रतिशत भन्दा बढी हुन पर्ने र गत वर्षको तुलनामा न्युनतम ५ प्रतिशत भन्दा बढी बृद्दि हुन पर्ने व्यवस्था रहेको छ। वीरेन्द्रनगर नगरपालिकाको गत चार वर्षहरूको कुल आयमा आन्तरिक स्रोत तर्फको आयको योगदान करिब ५ प्रतिशत मात्र रहेको छ भने आन्तरिक आय (राजस्व वांडफाँट र गत वर्षको नगद मौज्दात समेत) भने औसत ३० प्रतिशत भन्दा माथि रहको देखिन्छ। देश भरका २७६ वटै नगरपालिकाहरूमा पनी १० प्रतिशतको हाराहारीमा आन्तरिक स्रोत तर्फको आय रहेको छ भने ४६० गाँउपालिकाहरूमा ३ प्रतिशत भन्दा कम आन्तरिक स्रोत तर्फको आम्दानीको योगदान रहेको छ। ११ उपमहानगर र ६ वटा महा नगरमा भने आन्तरिक राजस्वको योगदान औसत १० देखि १५ प्रतिशत सम्म रहेको विवरण महालेखा नियन्त्रकको कार्यालयले प्रकासन गर्ने एकिकृत वित्तिय विवरणले देखाएको छ। केन्द्रिय अनुदान प्रति निर्भर रहेको बजेट तथा आम्दानीले स्थानीय सरकारको सेवा प्रवाह र विकास निर्माण दिगो हुन सक्दैन तर्सर्थ वित्तीय आत्मनिर्भरता वृद्धि गर्नका निम्ती पालिकाले आफनै स्रोतहरू मार्फत संकलन गर्न सकिने राजस्वको क्षेत्रहरूको पहिचान, दायरा विस्तार, उचित दर रेटको निर्धारण, एवम् चुस्त दुरुस्त राजस्व प्रशासनमा विश्लेषण ध्यान दिन आवश्यक छ।

हरेक तीन वर्षमा आगामी ती वर्षहरूको आय प्रक्षेपण गरी राजस्व सुधार कर्यायोजना तर्जुमा गर्नु पर्ने स्थानीय सरकार संचालन ऐनको व्यवस्था बमोजिम वीरेन्द्रनगर नगरपालिकाले यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरेको हो। यस अघि २०७५ र २०७९ मा तर्जुमा गरिएका राजस्व सुधार कार्य योजनाहरूको कार्यान्वयनमा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्दै सम्पुर्ण अपनत्वका साथ कार्य योजनाको प्रभावकारी कार्यान्वयन गरी उल्लेख्य राजस्व वृद्धि गर्ने लक्ष्य प्रस्तुत राजस्व सुधार कार्ययोजना राखेको छ। प्रादेशिक राजधानी, बढ्दो आर्थिक गतिविधी, उल्लेख्य जनसंख्या, भौगोलिक अवस्थिति र आर्थिक सामाजिक अवस्थाले नगरपालिकालाई उपमहानगरपालिकामा स्तरोन्नती गर्न सकिने सम्भावना रहेको छ। यद्यपी आन्तरिक श्रोत तर्फको आयले नगरपालिकाको कुल आयमा न्यून योगदान (करिब ५ प्रतिशत), असन्तुलित वृद्धि दर र अनुमान र यथार्थ विचको उल्लेख्य अन्तर रहेकोले मौजुदा राजस्व सुधार कार्य योजनाको समिक्षा गरी पहिचान भैसकेका राजस्वका क्षेत्रहरूलाई व्यवस्थित गराउदै लैजाने र नयाँ क्षेत्रहरूको पहिचान, राजस्वको दायरा विस्तार, राजस्व संकलनमा वृद्धि र वित्तीय स्थायित्व

अभिवृद्धिका लागि मार्गदशर्क दस्तावेजको रुपमा पनि प्रस्तुत राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan-RIAP) तयार गरिएको हो। यस कार्य योजनाले नगरपालिकाको आन्तरिक आयमा वृद्धि भई वित्तीय क्षमताको सुधार हुने एवम् राजस्वको सम्भाव्य स्रोतहरूको पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य राखेको छ।

१.३ राजस्व सुधार कार्ययोजना तयारीको उद्धेश्य

वीरेन्द्रनगर नगरपालिकाको राजस्व व्यवस्थापन प्रणालीको विस्तृत अध्ययान गरी आन्तरिक आयको विद्यमान अवस्था, राजस्वका स्रोतहरूको सम्भावना, अवसर एवम चुनौतीहरूको गहन विश्लेषण मार्फत सुधारका क्षेत्रहरूको पहिचान गरी आगामी ३ वर्षको (२०८३/८४ देखि २०८५/८६ सम्मको) सुधार कार्य योजना सहितको आन्तरिक आय प्रक्षेपण गर्ने मुख्य उद्देश्यले यो राजस्व सुधार कार्य योजना तयार गरिएको हो। मुख्य उद्देश्य प्राप्त गर्न देहाय अनुसारका सहायक उद्देश्यहरू तय गरिएका छन्।

- विगतमा नगरपालिकाले प्राप्त गर्दै आएको समग्र आय तथा अन्तरिक राजस्व संकलनको प्रवृत्तीको पूनरावलोकन एवम् विष्लेषण तथा वर्तमान अवस्थाको लेखाजोखा गर्ने।
- नरपालिकाको राजस्व सम्बन्धी संवैधानिक अधिकार, राजस्व अभिबृद्धिको क्षेत्र र सम्भावना र तीनको कार्यान्वयन सन्दर्भमा नगर कार्यपालिका र सरोकारवालाहरूका विच समान धारणा विकास गर्ने।
- वीरेन्द्रनगर नगरपालिकाको आगामी तीन आर्थिक वर्षहरू २०८३/८४ देखि २०८५/८६ सम्मको आन्तरिक आय प्रक्षेपण गर्ने, र
- वीरेन्द्रनगर नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने सम्भावित स्रोतहरूको पहिचान गरी समय सिमा र जिम्मेवारी सहितको आय सुदृढीकरण कार्ययोजना तयार गर्ने।

१.४ कार्ययोजना तयारीको विधि तथा प्रक्रिया

राजस्व सुधार कार्य योजना तर्जुमा कार्यका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको राजस्व गाउँपालिलका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी कार्यविधि, २०७६ को पूर्ण पालना गरिएको छ। जसअनुसार,

- ✓ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन
- ✓ सूचना सङ्कलन फाराम पुनरावलोकन तथा अन्तिम रुप प्रदान
- ✓ योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना
- ✓ सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण
- ✓ राजस्व सुधार कार्ययोजना तयारी
- ✓ राजस्व सम्भावना विश्लेषण र राजस्व प्रक्षेपण
- ✓ मस्यौदा तयारी
- ✓ मस्यौदाको पुनरावलोकन र सुझाव सङ्कलन
- ✓ अन्तिम मस्यौदा तयारी

सुधार कार्य योजना दिग्दर्शन २०७६ ले निर्देशित गरेको विधि तथा प्रकृयाहरू अवलम्बन गरिएको छ यसका साथै बजार क्षेत्रको स्थलगत अवलोकन, वडा कार्यालयहरूको भ्रमण लगायत नगरपालिकाका कर्मचारीहरू, उद्योग वाणिज्य संघका प्रतिनीधिहरू सहित विभिन्न आर्थिक एवं व्यवसायिक क्रियाकलापमा संलग्न व्यक्ति तथा सरोकारवालाहरूसँग छलफल गरिएको थियो। राजस्व सुधार कार्ययोजना निर्माणका क्रममा गरिएको अध्ययन लगायतका समग्र प्रकृयामा अपनाइएका विधिहरूको संक्षिप्त व्याख्या तल गरिएको छ।

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट अध्ययन सन्दर्भ सामाग्रीहरू संकलन तथा, पुनरावलोकन एवम् अध्ययन गरिएको थियो देहाय अनुसारका स्रोत सामाग्रीहरू अध्ययन तथा पुनरावलोकन गरिएका थिए:

तालिका १: सन्दर्भ सामग्री

सन्दर्भ सामग्री	अध्ययको विषय क्षेत्र
नेपालको संविधान	▪ राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट (भाग १९: धारा २२८ देखि २३० सम्म) ▪ स्थानीय आर्थिक प्रणाली (भाग १९: धारा २२८ देखि २३० सम्म) ▪ संघ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म)
स्थानीय सरकार सञ्चालन ऐन, २०७४	▪ नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेदः ३) ▪ नगरपालिकाको वित्तिय अधिकार क्षेत्र (परिच्छेदः ९) ▪ नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेदः १०)
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४	▪ राजस्वको अधिकार (परिच्छेदः २) ▪ राजस्वको बाँडफाँड (परिच्छेदः ३) ▪ अनुदानको व्यवस्था (परिच्छेदः ४) ▪ वैदेशिक सहायता तथा ऋण (परिच्छेदः थ) ▪ आय—व्ययको प्रक्षेपण गर्ने (दफा १८) ▪ राजस्व प्रस्ताव तयार गर्ने (दफा १९) ▪ वित्तिय अनुशासन (परिच्छेदः ८) ▪ नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन सक्ने कर अनुसूची १,२ र ३)
आर्थिक ऐन	▪ नगरपालिकाको आ.व. २०८०/८१ सहित विगत चार वर्षको आर्थिक ऐन, विभिन्न क्षेत्रमा तोकिएको दर रेट, विगत तीन वर्षमा भएका दर रेटको परिवर्तन
नगरपालिकाको आय विवरण	▪ नगरपालिकाको आ.व. २०८१/८२ को असारमसान्तसम्मको आय विवरण सहित विगत पाँच वर्षको यथार्थ आय विवरण, कर तथा गैरकरको सङ्कलन अवस्था
न.पा.का वार्षिक नीति, योजना, बजेट, तथा कार्यक्रमहरू	▪ स्वीकृत आर्थिक एवम् वित्तीय नीतिहरू
राष्ट्रिय जनगणना २०७८	▪ जनसङख्या, घरधुरी सङ्ख्या, प्रकार/बनोट अनुसार घरहरूको सङ्ख्या, घरजग्गा बहालको अवस्था)
नगरपालिकाको वस्तुस्थिति विवरण (पाश्र्वचित्र) २०७५	▪ भू—उपयोगको अवस्था, उद्योग व्यवसायको अवस्था, धार्मिक साँस्कृतिक ▪ ऐतिहासिक तथा पर्यटकीय स्थलहरू, उद्यानहरू, प्राकृतिक स्रोत साधन

१.४.२ तथ्यांक सूचना संकलन फारम तथा सूची विकास

आवश्यक सन्दर्भ सामाग्रीहरूको अध्ययन तथा विश्लेषण गरी आवश्यक तथ्याङ्क एवम् सूचनाहरू संकलनकालागि फारमहरूको विकास गरिएको थियो। सूचना संकलन फारमलाई अन्तिम रुप दिनु पूर्व आवश्यक छलफल र अन्तरक्रिया समेत गरिएको थियो। सूचना संकलनका लागि निम्न दुई प्रकारका फारमहरूको प्रयोग गरिएको थियो।

(क) नगरपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरूसँगको परामर्शका छलफलका लागि सूचना संकलन फारम तयार गरिएको थियो। उक्त सूचीमा मुलतः नगरपालिकाको पृष्ठभूमी, संक्षिप्त परिचय, गठन, राजस्व प्रशासनको अवस्था र विगत तीन आर्थिक बर्षको राजस्व परिचालनको स्थिति सम्वन्धी तथ्यांक एकीकरण गर्ने उद्देश्यले फारमहरूको प्रयोग गरिएको थियो।

(ख) राजस्वका शिर्षकगत समुह छलफलका लागि आवश्यक सूचनासँग संकलनार्थ दोश्रो प्रकारको सम्बन्धित फारमको प्रयोग गरिएको थियो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसारका कर र गैरकरहरूको शिर्षकगत रुपमा वर्तमान समस्याहरू, सम्भावना, समाधानका लागि गर्नु पर्ने उपायहरू र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधीका बारेमा समूहगत रुपमा छलफल गर्नका लागि यो फारम प्रयोगमा ल्याईएको थियो। आवश्यक आधारभूत र संस्थागत सूचना संकलनका लागि तयार गरिएका फारमहरू सम्बन्धित वडाका अध्यक्षज्युहरू, र सचिवहरूलाई इमले मार्फत उपलव्ध गराई इमेल मार्फत नै आधारभतु विवरण भरिएका फारमहरू संकलन गरिएका थिए। यद्यपी सबै वडाहरूबाट फारममा निर्धारित ढाँचामा पुर्ण रुपमा सूचनाहरू प्राप्त हुन सकेन।

(ग) उपलब्ध तथ्यांकको प्रमाणिकरण र थप तथ्यांकका लागि भर्चुअल बैठक।

१.४.३ राजस्व सुधार कार्ययोजना तर्जुमा अभिमुखीकरण कार्यक्रम

राजस्व सुधार योजना तर्जुमा प्रकृयाको पहिलो चरणमा अभिमुखीकरण तथा प्रारम्भिक कार्यशाला गोष्ठि मिति २०८१ जेष्ठ २२ गते सम्पन्न गरिएको थियो। नगरपालिकाको सभाहलमा सम्पन्न उक्त अभिमुखीकरण कार्यक्रममा नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, प्रशासकीय अधिकृत, राजस्व शाखा प्रमुख तथा अन्य कर्मचारी र वडा सचिवहरू र कार्यक्रमका सहजकर्ता सहित कुल ६१ जनाको सहभागिता रहेको थियो। राजस्व शाखाका प्रमूखको संयोजकत्वमा सम्पन्न अभिमुखीकरण कार्यक्रमको प्रारम्भमा कमिटेड नेपालका सहजकर्ताहरूबाट सहजीकरण गरिएको थियो। कार्यक्रममा स्थानीय राजस्व अधिकार, राजस्व अभिबृद्धिको आवस्यकताा, नगरपालिकाको राजस्व संकलनको प्रबृति आदि बारे प्रस्तुती र खुला छलफल गरिएको थियो। सो क्रममा नगरपालिकामा राजस्वका पम्रूख स्र्ोत, राजस्व अनुमान र असुली, घरभाडालाई करको दायरामा ल्याउन गरिएका प्रयासहरू, सवै व्यवसायहरूलाई स्थानीय करको दायरामा ल्याउनमा रहेका जटिलता र सम्भाव्य रणनीति, प्राकृतिक स्रोत उत्खननका लागि भएका अन्तर स्थानीय तह सहकार्य आदि बारे सहभागिहरूले आ—आफ्नो धारण व्यक्त गर्नुभएको थियो। कार्यक्रमको समापन मन्तव्य व्यक्त गर्दै नगरपालिका प्रमुख श्री मोहनमाया ढकाल (भण्डारी) ले सामान्यतया राजस्व वृद्धिमा

यथोचित ध्यान दिने परिपाटी कम भएको तथा सम्भाव्य सबै क्षेत्रमा राजस्व संकलन गर्न नसकिएको परिवेशमा राजस्व सुधार कार्ययोजनाले कर तथा गैरकरको दर तथा दायरा सम्बन्धमा यथार्थपरक विश्लेषण गरी नगरपालिकाको कुल राजस्वको आकार पहिचान गरी राजस्वका दरहरूलाई सान्दर्भिक बनाउन तथा राजस्वको दायरामा आउन नसकेका पेशा र व्यवसायलाई करको दायरामा ल्याउनमा महत्वपूर्ण योगदान गर्न सक्ने विश्वास व्यक्त गर्नु भएको थियो।

मिति २०८१ जेष्ठ २२ गते राजस्व परामर्श समितिका संयोजक एवं नगर उपप्रमुख निलकण्ठ खनालको अध्यक्षतामा स्थानीय राजस्व नीति, राजस्वका दर तथा दायरा र राजस्व प्रशासनका सम्वन्धमा निजी क्षेत्रसँग अन्तरक्रिया गरिएको थियो। उक्त अन्तरक्रियामा सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लगायतका पदाधिकारी तथा बस्तुगत संघ तथा संगठनका प्रतिनिधीहरूले सम्वन्धित क्षेत्रमा राजस्व संकलनमा प्रभावकारीता बृद्धि तथा राजस्व तिर्न नगरपालिकाले अघि बढाउनुपर्ने उत्प्रेरणात्मक कार्यका बारेमा आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

१.४.४ तथ्यांक एवम सूचना संकलन

अध्ययनका क्रममा नगरपालिकाका विभिन्न शाखाहरू तथा सरोकारवाला पक्षहरूसँग छलफल, अन्तरक्रिया, स्थलगत अवलोकन, वडास्तरिय छलफल एवम् प्रकाशित अप्रकाशित प्रतिवेदनहरूबाट आवश्यक सूचनाहरू संकलन र एकीकरण गरिएको थियो। नगरपालिकाको राजस्व सम्भाव्य क्षेत्र पहिचान र सुधारमा केन्द्रित अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियोः

- ✓ राजस्व प्रशासन तथा सूचना प्रवाह सम्बन्धी विवरण
- ✓ गत विगतका वर्षहरूको र चालु वर्षको हालसम्मको यथार्थ आय व्याय विवरणहरू
- ✓ चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, आर्थिक ऐन, वार्षिक योजना कार्यक्रम तथा बजेट
- ✓ नगरपालिकाको वस्तुगत विवरण
- ✓ कर्मचारी विवरण तथा संगठन संरचना (Organogram)
- ✓ आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- ✓ आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना
- ✓ राजस्व शिर्षक अनुसारको वडागत करदाता संख्या

१.४.५ तथ्यांक विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी

प्रारम्भिक अभिमुखीकरण कार्यक्रम, समूहगत छलफल र स्थलगत भ्रमण तथा सन्दर्भ सामग्री एवम् प्रतिवेदनहरूको अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ। यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको मस्यौदा तयार गरिएको थियो।

१.४.६ मस्यौदा कार्ययोजना माथि छलफल

राजस्व सुधार कार्ययोजनाको यो मस्यौदा आवश्यक सुझाव तथा पृष्ठपोषणका लागि पहिलो चरणमा राजस्व शाखामा कार्यरत कर्मचारी र केही वडाका अध्यक्षका विचमा छलफल भएको थियो। सो क्रममा प्राप्त सुझाव र पृष्ठपोषणका आधारमा राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदामा परिमाजर्न गरिएको थियो।

१.४.७ कार्ययोजनालाई अन्तिम रुप प्रदान गर्ने सम्वन्धी छलफल

प्रारम्भिक मस्यौदामा प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा परिमार्जित राजस्व सुधार कार्ययोजनालाई नगर प्रमूखज्यूको अध्यक्षतामा राजस्व परामर्शसमितिका सदस्यहरू, वडा अध्यक्षहरू र विभिन्न शाखा तथा वडाहरूमा कार्यरत कर्मचारीका विचमा विस्तृत छलफल गरी अन्तिम रुपमा प्रदान गरिएको थियो। सो क्रममा राजस्व सुधार कार्ययोजनामा समेटीका विषयबस्तु तथा प्रस्तुतीको प्रारुपमा केन्द्रित रहेर सुधारका सुझाव प्राप्त भएको थियो।

१.४.८ राजस्व सुधार कार्ययोजनालाई अद्यावधिक गर्ने सम्बन्धमा छलफल

वीरेन्द्रनगर नगरपालिकाको वि.स. २०८१ मा मस्यौदा भएको राजस्व सुधार कार्ययोजना नगरकार्यपालिकाबाट स्विकृत भई कार्यान्वयनमा आउन नसकेको सन्दर्भमा यसलाई समयसापेक्ष अद्यावधिक गरी कार्यान्वयनमा ल्याउने उद्धेश्यले स्थानीय राजस्व परामर्श समितिका संयोजक तथा नगर उपप्रमुख श्री निलकण्ठ खनालज्यूको अध्यक्षतामा २०८२ साल पौष ८ गते नगरपालिकाको सभाहलमा बसेको बैठकले मस्यौदा राजस्व सुधार कार्ययोजनालाई अद्यावधिक गरी कार्यान्वयनमा ल्याउने निर्णय गरेको थियो। सोही निर्णय बमोजिम मस्यौदा राजस्व सुधार कार्ययोजनालाई अद्यावधिक गर्न यूरोपियन यूनियनको सार्वजनिक वित्त व्यवस्थापन परियोजनाका विज्ञ डा. हेमराज लामिछानेले प्राविधिक सहयोग प्रदान गर्नु भएको थियो। यस बैठकबाट राजस्व सुधार कार्ययोजनालाई बढी तथ्यपरक बनाउने र समस्याको समाधान गर्न पहिचान भएका कार्ययोजनालाई कार्यान्वयनमा लैजान सबै पक्षको सहयोग लिने समेत प्रतिवद्धता ब्यक्त भएको थियो।

१.४.९ राजस्व सुधार कार्ययोजना अनुमोदन

२०८२ साल पौष ३० गते बसेको स्थानीय राजस्व परामशर्म समितिको बैठकले अद्यावधिक गरिएको राजस्व सुधार कार्ययोजना, २०८२ माथि छलफल गरी नगरकार्यपालिकाको आगामी बैठकबाट अनुमोदन गर्ने गरी पेश गर्ने निर्णय गरेको थियो। स्थानीय राजस्व परामर्श समितिको बैठकको निर्णय अनुसूची ५ मा राखिएकोछ। राजस्व परामर्श समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाको मिति २०८३ जेठ १३ गते बसेको ८४ औं बैठकले स्वीकृत गरेको छ।

१.५ राजस्व सुधार कार्ययोजना तयारीको सीमा

यस राजस्व सुधार कार्ययोजना तयारीका केही निश्चित सीमाहरू रहेका छन्।

- अध्ययन तथा विश्लेषण कार्यका लागि प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावजे प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ। साथै नगरपालिकाका पदाधिकारी कार्यपालिका सदस्यहरू, कर्मचारीहरू तथा अन्य सरोकारवालाहरूसँग भएको छलफल तथा विद्युतीय माध्यमबाट प्राप्त सूचनाहरू समावशे गरिएको छ।

- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक रुपमा स्थलगत अध्ययनबाट संकलन गरिएको छ। तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण गर्न समय र स्रोतको सिमितता रहेकोले नगरपालिका र वडा कार्यालयहरूमा उपलब्ध तथ्यांक तथा विभिन्न पक्षबाट संकलित धारणा तथा सुझावलाई राजस्व सुधार कार्ययोजना निर्माणको आधार बनाइएको छ।
- तथ्यांक सङ्कलनको लागि विस्तृत छुट्टै स्थलगत सर्भेक्षण कार्य नगरिएको हुँदा विभिन्न शीर्षकमा राजस्वको सम्भावना आँकलन गर्न सान्दर्भिक अन्य तथ्याङ्कहरू उदाहरणका लागि व्यावसाय दर्ता, शिर्षकगत करदाता संख्या कुल, घरधुरीको सङ्ख्या, खेती गरिएको जमिन सम्बन्धी तथ्याङ्क आदिका लागि राष्ट्रिय स्तरबाट गरिएका सर्भेक्षण प्रतिवेदनहरूलाई आधार बनाइएको छ।
- अनुसुचिमा उल्लेख गरिएका सूचना फारम अनुसारका सूचना तथा तथ्यांकहरू नगरपालिका र वडा कार्यालयहरूको अभिलेखमा व्यवस्थित रुपमा नरहेकोले सीमित रुपमा उपलब्ध तथ्यांक नगर पाश्र्व चित्र २०७५, राष्ट्रिय जनगणना २०७८, कृषि जनगणना २०७५, उद्योग जनगणना र यस अघि तर्जमुा गरिएका राजस्व सधुार कार्य योजनाबाट साभार गरिएका छन् ।
- नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलाकेन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा प्रभाव पार्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकाले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन।
- नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको प्रमुख कार्य क्षेत्र आन्तरिक राजस्व संग मात्र सम्बन्धित रहने भएतापनि प्रस्तुत अध्ययनमा आन्तरिक आयको शिर्षकगत विश्लेषण गरी सम्भावनाको पहिचान गरी आगामी तीन आर्थिक वर्षहरूमा संकलन गर्न सकिने आम्दानीको प्रक्षेपण गरिएको छ यस अलावा प्रदेश तथा संघीय सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरण (चार प्रकारका अनुदानहरू) र राजस्व बाँडफाँडको बारेमा संयुक्त अधिकारको व्यवस्था गरिएकोले औसत १० प्रतिशतले बृद्धि हुदै जाने अनुमान गरिएको छ।
- अध्ययनका क्रममा संकलन गरी प्रयोग गरिएका सूचनाहरूको विश्वसनियतात श्रोतहरूमा नै निहित रहेका छन्।

१.६ राजस्व सुधार कार्ययोजनाको संरचना

- संरचनात्मक रुपमा राजस्व सुधार कार्य योजनामा सात वटा परिच्छेद रहेका छन्। पृष्ठभूमी, उद्धेश्य, क्षेत्र, औचित्य, विधि प्रकृया, र सिमाहरूका बारेमा चर्चा गरिएको परिचय खण्डलाई परिच्छेद एकमा राखिएकको छ भने परिच्छेद दुईमा वीरेन्द्रनगर नगरपालिकाको संक्षिप्त परिचय रहेको छ। परिच्छेद तीनमा वर्तमान संस्थागत संरचना र नगरपालिकाको आन्तरिक आयको परिचालनको अवस्थालाई विश्लेषण गरिएको छ। त्यसैगरी परिच्छेद चारमा स्थानीयतहको राजस्व अधिकार र वीरेन्द्रनगर नगरपालिकाको राजस्व सम्भावनाको विश्लेषण गरिएको छ। परिच्छेद पाँचमा समय सीमा र जिम्मेवारी समेत किटान गरिएको रणनीति सहितको राजस्व सुधार कार्य योजना रहेको छ। परिच्छेद छ मा आगामी तीन आर्थिक वर्षहरू २०८३/८४ देखि २०८५/८६ सम्मको लागि आय प्रक्षेपण रहेको छ। अन्तिम परिच्छेद सातमा निश्कर्ष एवम् सुझावहरू उल्लेख गरिएको छ।

परिच्छेद २: नगरपालिकाको संक्षिप्त परिचय

२.१ पृष्ठभूमी

यस परिच्छेदमा नगरपालिकाको आय परिचालनसँग प्रत्यक्ष—अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावशे गरिएको छ। यसले नगरपालिकाको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमतालाई चित्रण गर्दछ ।

२.१.१ नगरपालिकाको संक्षिप्त परिचय

कर्णाली प्रदेशको राजधानीका रूपमा रहेको यस वीरेन्द्रनगर नगरपालिकाको स्थापना वि.सं. २०३३ सालमा सुर्खेत उपत्यका भित्र पर्ने कटकुवा, गोठीकाँडा र जर्बुटा गाउँपञ्चायत भित्र पर्ने केहीभागलाई मिलाएर वीरेन्द्रनगर नगरपञ्चायतका रुपमा भएको थियो। नगरपालिकमा बसोबासको प्रारम्भ २०२३ सालबाट भएको पाइन्छ । यसअघि नगरपालिकाको मैदानी भाग (उपत्यका क्षेत्र) मा औलो लाग्ने हुँदा जिल्ला सदरमुकाम गढी गा.वि.स.मा रहेको र उपत्यकामा फाटफुट रूपमा थारू र राजी समुदायको बसोबास रहेको थियो। औलो उन्मुलन भएपश्चात् उपत्यकामा बसोबास गर्न थालियो र सबै सरकारी कार्यालयहरूलाई स्थानान्तरण गरी सदरमुकामा तोकियो। वीरेन्द्रनगर नगरपालिकामा औलो उन्मुलन पश्चात् सुर्खेत जिल्लाका विकट पहाडी क्षेत्र लगायत दैलेख जिल्ला र कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट बसाई सरी स्थायी बसोबास गर्ने क्रम बढ्दै गएको पाइन्छ। विभिन्न स्थानबाट बसाई सरी आएकाले यहाँको सामजिक परम्परा, भाषा र संस्कृतिमा समेत विविधता पाईन्छ।

२.१.२ ऐतिहासिक पृष्ठभूमी

पहिले चौहान चौर र २०२९ सालपछि वीरेन्द्रनगरको नामले परिचित यो नगरपालिका नेपालका योजनावद्ध रुपमा निर्माण भएका नगरपालिका मध्येको एक हो। वि.सं. २०२२ मा विमानस्थल स्थापना भई नियमित उडान र वि.सं. २०३८ मा रत्नराजमार्ग सडक निर्माण कार्य सम्पन्न भई नियमित रूपमा सडक यातायात सेवा सुरू भएपश्चात् वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशका जिल्लाहरूको प्रवेशद्वारका रूपमा स्थापित भएको छ। कर्णाली प्रदेशमा उपभोग हुने सम्पूर्ण सामग्री वीरेन्द्रनगरबाट जाने हुँदा यो पश्चिम नेपालको प्रमुख व्यापारिक एवं शैक्षिक पर्यटकीय केन्द्रका रुपमा रहेको छ। यसको पूर्वबाट भेरी नदी र पश्चिमबाट कर्णाली नदी बगेकोले ऱ्याफ्टीङको आनन्द लिन आउने पर्यटकहरूका लागि समेत यो आकर्षक स्थलको रूपमा परिचित छ।

नगरपालिकाको उत्तरमा महाभारत पवर्त को रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका मनोरम पहाडद्वारा घेरिएको कचौरा आकारमा दक्षिणतर्फ ढल्किएको सानो उपयुक्त मौसम भएको सन्ुदर उपत्यका हो। पेरिस जस्तो सुन्दर शहरको रूपमा विकास गर्ने लक्ष्यका साथ बनाइएको वीरेन्द्रनगरको गुरुयोजनालाई मर्तूरूप दिन वीरेन्द्रनगरका विभिन्न क्षेत्रमा आवश्यक जग्गा अधिग्रहण गरिएको छ। हाल वीरेन्द्रनगरका १ देखि १२ वडाको सडक गुरुयोजना कार्यान्वयनमा आइरहको छ। यस क्षेत्रमा प्रदेशको मागगर्दै भएको आन्दोलनको उपलब्धी र आन्दालेनमा शाहदत प्राप्त शहीदको सपनालाई वीरेन्द्रनगरको परिकल्पना (Vision) "शैक्षिक, प्रशासनिक, पर्यटकीय शहरः स्वच्छ, समुन्नत वीरेन्द्रनगर" साकार बनाउने अभियानमा नगरपालिका जुटेको छ।

२.२ आर्थिक अवस्था

वीरेन्द्रनगर एक ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्वको क्षेत्र भएकोले नगरपालिकाको अर्थतन्त्र मुख्यतः व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, पशुपन्छी पालन, थोक तथा खद ुा्रबजार, होटल, रेस्टुरेन्ट, पयर्टन तथा सेवाजस्ता क्षेत्रमा आधारित रहेको छ। उपयुक्त हावापानी, उर्वर खेतीयोग्य जमिन भएकोले अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भई रहेका कारण नगरपालिकाको पूर्वाधार विकासले गति लिइरहेको छ। कृषि, व्यापार, सेवामुलक व्यवसाय लगायत केही साना तथा घरेलु उद्योग व्यवसायहरूले नगरपालिकालाई आर्थिक रुपमा चलायमान बनाएका छन। यस बाहेक वैदेशिक रोजगारीवाट विप्रेषण वापत प्राप्तहुने आम्दानीले पनि नागरिकहरूको आर्थिक क्रियाकलापमा महत्वपुर्ण योगदान गर्ने गरेको छ।

प्राकृतिक सौन्दर्यको धनी, जैविक एवं सासँकृतिक विविधताले भरीपूर्ण रहेको वीरेन्द्रनगर नगरपालिका पर्यटकीय सम्भावना बोकेको नगरपालिका हो। कर्णाली प्रदेश हिमाली जिल्लाहरूमा पर्वतारोहण, पदयात्रा, अवलोकन भ्रमणको लागि आउने पर्यटकहरूका लागि प्रवेशद्वार भएकाले आन्तरिक तथा वाहाय पर्यटकहरूको विश्रामस्थल पनि हो। प्रदेश राजधानी, मध्य पश्चिम विश्वविद्यालय सरकारी कार्यलयहरू, सावर्जनिक सघं संस्थाहरू राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाका क्षेत्रीय कार्यालयहरू पनि यसै पालिकामा रहेकाले नगरको आर्थिक सामाजिक विकास तिब्र गतिमा भैरहको छ। विभिन्न जातजाती, विविध संस्कृति, रहनसहन तथा चाडपर्व लगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरपालिकाको प्रमुख पर्यटकीय सम्भावनाका क्षेत्र हुन्।

यस नगरपालिकामा आधुनिक कृषि तथा पशुपालनलाई जोड दिनुको साथै विभिन्न औषधीजन्य जडिबटुीहरू अमला, चुत्रो, सुगन्धवाल, सजिवन, दालचिनी, राजवृक्ष, हरो, बरो, कुरिलो पदम चाल, पांच औले जस्ता अमूल्य जडीबुटीहरू पाईने भएको हुँदा औषधीजन्य वनस्पतिहरूको प्रसोधन तथा व्यावसायको पनि सम्भावना रहेको छ। प्राकृतिक स्रोत र उपलब्ध कच्चा पदार्थको आधारित साना तथा मझौला उद्योगको प्रर्वधन र विकास गरी रोजगारी सृजना गरी युवा जनसंख्यालाई स्थानीय स्तरमै स्वरोजगारीको अवसर सकेमा रोजगारीका लागि युवा जनशक्तिको पलायन कम गर्न सकिन्छ। पर्यटकीय सम्भावना बोकेका स्थानको पहिचान र पूर्वाधार विकास तथा निजी क्षेत्रको लगानी आकर्षित गर्न सकेमा पर्यटन मार्फत स्थानीय अर्थतन्त्रमा सुधारका साथै नगरपालिकाको राजस्वको आधार समेत विस्तार सक्ने सम्भावना रहेको छ।

२.३ जनसाङ्खिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार वीरेन्द्रनगर नगरपालिकाको कुल जनसङ्ख्या १,५३,८६३ रहको छ, जसमध्ये महिला ७८,७३४ (५१ प्रतिशत) र पुरुष ७५,१२९ (४९ प्रतिशत) रहेका छन्। त्यसै गरी कुलपरिवार सङ्ख्या ३८,३७७ रहेको छ भने हरके परिवारको आधार औसत ४ जनाको रहको देखिन्छ। वि.सं. २०६८ को राष्टिय् जनगणना अनसुार यहाँको कुल जनसङ्ख्या १,१५,४५१ रहेको थियो जसमध्ये महिला ५८,९९४ र पुरुष ५६,३९२ रहेका थिए। दश वर्षको अवधिमा यस नगरपालिकामा कुल जनसङ्ख्यामा ३८,४१२ जना थपिएका छन्। यस आधारमा हेर्दा यहाँको जनसङ्ख्यामा वार्षिक ४.५ प्रतिशतले वृद्धि भएको देखिन्छ। राष्ट्रिय जनजगणनाको अनुसार दशवर्षमा नेपालको जनसङ्ख्याको सरदर वार्षिक वृद्धिदर ०.९२ प्रतिशत रहेको छ भने हिमाली क्षेत्रमा ऋणात्मक (०.०२ प्रतिशत) र पहाडी क्षेत्रमा न्यून मात्रामा धनात्मक (०.२९ प्रतिशत) रहेको, पछिल्लो समयमा नेपालमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा हुने बसाई सराईको दर उच्च रहेको देखिन्छ। वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशकै एक प्रमुख शहरका रुपमा रहेको अवस्थामा यहाँको जनसङ्ख्या वृद्धिमा जन्मदर भन्दा बसाई-सराई कारक रहेको अनुमान गर्न सकिन्छ।

राजस्व सुधार योजना तर्जुमाका क्रममा सरोकारवालाहरूसँग गरिएको छलफल र अन्तरक्रियाबाट नगरमा झण्डै ५५ हजार भन्दा बढी घरधुरी र २ लाख भन्दा धेरै जनसंख्या रहेको धारणा व्यक्त भएको थियो। यद्यपी उपलब्ध जनसंख्या तथ्यांकका आधारमा यसलाई प्रमाणित गर्न सकिएन। त्यसैले यसका लागि निश्चित समयपछि आफ्नै स्थानीय तथ्यांक व्यवस्थापन प्रणालीमा मार्फत यथार्थ तथ्यांकको उपलब्धता सुनिश्चित हुने गरी हालका लागि सरोकारवालाहरूको सुझावलाई थप अध्ययनको क्षेत्रको रुपमा लिनु उपयुक्त देखिएको छ।

२.३.१ वडागत जनसङ्ख्या

वीरेन्द्रनगर नगरपालिकामा रहेका १६ वटा वडाहरू मध्ये धेरै जनसख्या वडाहरू वडा नं २, ३, १०, र १२ रहेका छन भने वडा नं १३,१४, १५ र १६ अत्यन्त न्यून जनसंख्या भएका वडाहरू हुन। बांकी वडाहरूमा औसत जनसंख्या रहेका छन। जनसंख्याको वृद्वि दरका हिसावले वडा नं ३ र १० मा उच्च दरमा जनसंख्या वृद्वि भएको छ भने १४, १५, र १६ नं वडामा वृद्धि नकारात्मक भएको देखिन्छ। सवै भन्दा धेरै जनघनत्व भएको वडा नं ६ (१२८१८ प्रति वर्ग किमी) मा जनसंख्या वृ्द्वि दर १ प्रतिशत भन्दा कम भैसकेको छ। समगम्रा ४ दशमलव ५ प्रतिशत वार्षिक वृद्धि दर कायम रहने हो भने हाल २०८१/८२ मा जनसंख्या १८५४३० र २०८४ सम्म २०२६११ पुग्ने अनुमान गर्न सकिन्छ।

तालिका २: वडागत जनसाङ्ख्यिक विवरण

वडा न	परिवार संख्या	जनसंख्या			लैङ्गिक अनुपात	औसत परिवार संख्या	क्षेत्रफल (वर्ग कि.मी.)	जनघनत्व (प्रति वर्ग कि.मी.)
		पुरुष	महिला	जम्मा				
१	२३८८	५००४	५२०४	१०२०८	९६.१६	४.२७	६.१	१६७३
२	३३९४	६८६७	७४५९	१४३२६	९२.०६	४.२२	२९.२	४९१
३	४८११	९८६५	९७५४	१९६१९	१०१.१४	४.०८	६.६२	२९६४
४	२६०८	४९७८	५२४९	१०२२७	९४.८४	३.९२	७.१	१४४०
५	१५८२	३०१९	३३१७	६३३६	९१.०२	४.०१	५.८	१०९२
६	१८९८	३९३२	३७५९	७६९१	१०४.६०	४.०५	०.६	१२८१८
७	२५५९	४६८३	४७१४	९३९७	९९.३४	३.६७	५.२	१८०७
८	२२०९	३९२२	३९०२	७८२४	१००.५१	३.५४	१.४	५५८९
९	२८३८	५६१६	६०६२	११६७८	९२.६४	४.११	२८.८२	४०५
१०	४६१४	८७८०	९३११	१८०९१	९४.३०	३.९२	१७	१०६४
११	२९१४	५८४१	६३१०	१२१५१	९२.५७	४.१७	२६.७	४५५
१२	३७४१	६८२९	७५२९	१४३५८	९०.७०	३.८४	८.८२	१६२८
१३	१३७२	२८९५	३०८७	५९८२	९३.७८	४.३६	२५.९	२३१
१४	६३८	१२८६	१२९०	२५७६	९९.६९	४.०४	२८.९६	८९
१५	३७८	७५६	८०१	१५५७	९४.३८	४.१२	२४.६१	६३
१६	४३३	८५६	९८६	१८४२	८६.८२	४.२५	२२.२३	८३
जम्मा	**३८३७७**	**७५१२९**	**७८७३४**	**१५३८६३**	**१५२५**		**२४५.१**	**३१८९३**

श्रोत: राष्ट्रिय जनगणना २०७८

२.४ भौगोलिक अवस्था

वीरेन्द्रनगर नगरपालिका भौगोलिक रुपमा भित्री मधेश अन्तर्गत पर्ने नेपालको एउटा प्रमुख शहर हो। उत्तरमा महाभारत पर्वत श्रृङ्खलाको रानीमत्ता र रातानाङ्ला क्षेत्र, दक्षिणमा चुरे पर्वत श्रृङ्खलाको हर्रे, देउराली क्षेत्रका बीचमा मनोरम उपत्यकाका रुपमा रहेको यस नगरपालिकाको क्षेत्रफल प्रारम्भमा ३६ व.कि.मी. रहेकोमा विभिन्न समयमा नगरपालिकाको पुनर्गठन हुने क्रममा विस्तार हुँदै हाल कुल २४५.८५ वर्ग.कि.मी. मा फैलिएको छ।

समुन्द्री सतहबाट ३६४ मिटर देखि २२८० मिटरको उचाइ सम्म विस्तारित यो नगरपालिका झुप्राखोला र भेरी नदीको किनारमा अवस्थित रहेको छ । यी नदीहरू बाहेक नगरपालिकामा करिब दुई दर्जन खोलानालाहरू रहेका छन् जसमध्ये ढोडे खोला, इत्राम खोला, आँपखोली खोला, नेवारे खोला, रतन घैरा खोला, आँपडाली खोला, हारेपानी खोला, गाग्रेताल खोला, खारखोट्टी खोला, घोलघोले खोला, गडले उली खालो, घट्टे खोला, राम्चे खालो केही प्रमुख हुन। नगरपालिकाको सम्पूर्ण भूभाग भेरी नदीको जलाधार क्षेत्र अन्तर्गत पर्दछ ।

२.५ भू-उपयोग

नगरपालिकाको प्राप्त भू—उपयोग तथ्याङक अनुसार यहाँको कुल भू—भाग मध्ये झण्डै आधाभाग (४९.२२ प्रतिशत) वन जङ्गल क्षेत्रले ढाकिएको छ भने ३०.१८ प्रतिशत भूमिमा खेती गर्ने गरिएको छ। यस्तैगरी, बगर तथा खालो नालाले यहाँको कुल भूभागको १.२३ प्रतिशत भूमि ओगटेको छ। थप विवरण देहाय अनुसार रहेको छः

तालिका ३: भू-उपयोगको अवस्था

क्र.स.	जमिनको प्रयोग	क्षेत्रफल (वर्ग कि.मी.)	प्रतिशत
१	खेती गरिएको जमिन	७४.१९	३०.१८
२	वन जंगल	१२१.००	४९.२२
३	झाडी	३८.५८	१५.६९
४	वागवानी बगैंचा	०.०२	०.०१
५	घाँसे जमिन	८.७४	३.५६
६	बगर	२.३७	०.९६
७	खोला, नाला	०.६७	०.२७
८	बाँझो जमिन	०.१९	०.०८
९	तलाउ, पोखरी	०.०७	०.०३
१०	अन्य	०.०२	०.००
	जम्मा	**२४५.०६**	**१००**

स्रोतः नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, वीरेन्द्रनगर नगरपालिका, २०७७

२.६ पर्यटकीय तथा धार्मिक स्थलहरू

नगरपालिकामा अवस्थित सुर्खेत संग्राहलय, काँक्रि विहार, बलु बुलताल, देउतीबज्यै, लाटीकाइेली, मदरसा मस्जिद लगायत नगर क्षेत्रभित्र रहेका विभिन्न मठ मन्दिरहरू जस्ता पर्यटकीय स्थलहरूमा बाह्य तथा आन्तरिक पर्यटक भित्रिने गरेका छन्। यस्ता ऐतिहासिक धार्मिक र पर्यटकीय स्थलहरूको थप प्रचार प्रसार तथा पर्यटकमैत्री वातावरणको प्रर्वद्धन गर्न सके वीरेन्द्रनगर नगरपालिकाको आर्थिक विकास र रोजगारी श्रजूनामा महत्वपूर्ण योगदान पुऱ्याउनुका साथै स्थानीय राजस्व बृद्धिमा समेत योगदान हुनसक्छ। यसका साथै अन्य संभावित स्थलहरूलाई थप विकास गरी पर्यटक संख्या वृद्धि गर्नसके आर्थिक गतिविधी, आय र रोजगारी विस्तार हुने सम्भावना देखिन्छ। यस नगरपालिकामा रहको प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छः

तालिका ४: धार्मिक तथा पर्यटक स्थलहरूको विवरण

क.सं	स्थलको नाम	वडा नं.	क.सं	स्थलको नाम	वडा नं.
१	दुर्गा मन्दिर	१	२१	रहरपुर शिवालय, लाटिकोइली	१०
२	जलेश्वर मन्दिर, उत्तरगङ्गा	३	२२	मदरसा मस्जिद, लाटिकोइली	१०
३	भैरव मन्दिर	४	२३	काँक्रिबिहार	१०
४	गणेश मन्दिर, गणेशचोक	५,६	२४	शिव मन्दिर, चारकुने	११
५	ॐ कारेश्वर शिवर मन्दिर, गणेश चोक	६	२५	कालिकामन्दिर, अछामीडाँडा	११
६	गणेश मन्दिर, राम मन्दिर	६	२६	शिव मन्दिर, बंगाले डाँडा	११
७	राधा सर्वेश्वर कृष्ण मन्दिर, गणेशचोक	६	२७	रामजानकी मन्दिर, राम मन्दिर,गाग्रेताल	११
८	शिद्धेश्वर शिव मन्दिर	८	२८	श्वते बराह मन्दिर	१२
९	घण्टाघर	८	२९	त्रिवेणी टोल चर्च	१२
१०	सुर्खेत सङ्ग्रहालय	८	३०	शिव मन्दिर	१२
११	राधाकृष्ण मन्दिर	८	३१	जगर टोल चर्च	१२
१२	मङ्गलगढी	९	३२	शिव मन्दिर	१३
१३	पतालगंगा	९	३३	रामजानकी मन्दिर	१३
१४	नारायण मन्दिर, लाटीकोइली	९	३४	बौद्ध गुम्बा	१३
१५	कपिलेश्वर शिव मन्दिर	९	३५	प्रशंसा चर्च	१३
१६	राधाकृष्ण मन्दिर, लाटीकोइली, पर्सेनी	९	३६	सिद्धपाइला मन्दि	१४
१७	गीता मन्दिर, लाटीकोइली, पर्सेनी	९	३७	कालिका मन्दिर	१६
१८	निकास खोला	९	३८	देवी मन्दिर	१६
१९	बुलबुले ताल	१०	३९	कालिकादेवी मन्दिर	१६
२०	देउतीबज्यै मन्दिर	१०			

स्रोतः नगरपालिकाको पार्श्वचित्र, २०७५।

२.७ चाडपर्व, जात्रा तथा मेलाहरू

वीरेन्द्रनगर नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। अधिकांश हिन्दु धर्म मान्ने पहाडी मुलका मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि उल्लेख्य संख्यामा रहेका छन्। सबै जातजाती र सम्प्रदायका आ—आफ्नै धर्म संस्कृति र चालचलनहरू रहेका छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्री पञ्चमी, श्री कृष्ण जन्माष्टमी, विवाहपञ्चमी, होली, चैते दशै साउने र माघे संक्रान्ति, मातातीर्थ औंसी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, ल्होछार, बकर इद, क्रिसमस आदि चाडपर्वहरू रहेका छन्।

२.८ नगरपालिकाको भौतिक सम्पत्ति

स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेवारी तथा सेवाग्राही नागरिकको अपेक्षा अनुसार जवाफदेही र जिम्मेवारपूर्ण सेवा प्रदान गर्नको लागि भौतिक स्रोत साधनको आवश्यकता हुन्छ। स्थानीय सरकारको भूमिकालाई कम लागतमा प्रभावकारी रूपले कार्यसम्पादन गर्न आवश्यक पर्ने कार्यस्थान, भवन तथा सामग्री, यन्त्र, उपकरण, औजार, सूचना तथा सञ्चार प्रविधिको व्यवस्था र सोको मर्मत सम्भारको आवश्यकता रहन्छ।

वीरेन्द्रनगर नगरपालिकामा स्थलगत अवलोकन, प्रशासन शाखाबाट प्राप्त विवरणहरू र सरोकारवाला पक्षहरूसँगको छलफलबाट प्राप्त सूचना अनुसार नगरपालिकाको भौतिक सम्पत्तिमा कार्यालय प्रयोजनका लागि २ वटा भवन रहेका छन्, जसमा कुल ४० वटा कोठाहरू रहेका छन्। यस्तै गरी, सम्पूर्ण वडा कार्यालयहरू आफ्नै स्वामित्वमा कार्यालय भवनहरू रहेका छन्। मेसिन औजार अन्तर्गत व्याकहो लोडर २ वटा, मिनी टिपर १ वटा, ठूलो टिपर १ वटा, दमकल १ वटा, सानो रोलर १ वटा, ट्र्याक्टर १ वटा, एम्बुलेन्स १ वटा, स्कर्पियो १ वटा, टाटा महिन्द्रा जिप २ वटा, मोटरसाइकल ४९ वटा, स्कुटर ६ वटा, कम्प्युटर ३९ वटा, प्रिन्टर ४० वटा र सभाहल २ वटा रहेका छन्। यस बाहेक कार्यालय सञ्चालनका लागि टेबुल, कुर्सी, दराज, सोफा तथा अन्य कार्यालय सामग्रीहरू रहेका छन्।

२.९ बसोवास गर्ने घरको किसिमको आधारमा घरपरिवारको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकामा कुल घरपरिवार मध्ये ३३.९३ प्रतिशत पक्की घर, ३६.३१ प्रतिशत अर्धपक्की घर, २७.८८ प्रतिशत कच्ची घर, १.६८ प्रतिशत झुप्रो/टहरो, ०.२० प्रतिशत अन्य प्रकार घरमा बसोबास गरेको पाइएको छ। थप विवरण देहायअनुसार रहेको छः

तालिका ५: घरको किसिमको आधारमा घरपरिवारको संख्यात्मक विवरण

वडा नं.	कच्ची	अर्धपक्की	पक्की	झुप्रो/टहरो	अन्य	जम्मा
१	९३२	६३३	६८०	१४०	३	२३८८
२	१३४६	११४५	७४१	१६०	२	३३९४
३	३९३	२००६	२३७४	२८	१०	४८११
४	३४०	९७८	१२६३	२३	४	२६०८
५	५००	५३९	५२५	१७	१	१५८२
६	१६९	५३३	११३८	४३	१५	१८९८
७	३३९	८८३	१३०९	२४	४	२५५९
८	२४८	७४४	११९०	२२	५	२२०९

वडा नं.	कच्ची	अर्धपक्की	पक्की	झुप्रो/टहरो	अन्य	जम्मा
९	८०४	१२३१	७४९	४८	६	२८३८
१०	१२३४	१६९८	१६४२	३१	९	४६१४
११	१०७०	११४८	६१०	८३	३	२९१४
१२	८४८	२१५७	७०९	१३	१४	३७४१
१३	१०९२	२०२	७०	८	०	१३७२
१४	५९२	२६	१८	१	१	६३८
१५	३६९	४	३	२	०	३७८
१६	४२५	७	१	०	०	४३३
जम्मा	१०७०१	१३९३४	१३०२२	६४३	७७	३८३७७
प्रतिशत	२७.८८	३६.३१	३३.९३	१.६८	०.२०	१००

श्रोतः राष्ट्रिय जनगणना २०७८

२.१० घरको स्वामित्वको आधारमा घरपरिवारको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकामा कुल घरपरिवार मध्ये ७८.९ प्रतिशत आफ्नै स्वामित्वको घरपरिवार घरमा बसेका छन् भने २०.७ प्रतिशत भाडा, ०.८३ संस्थागत र ०.५७ प्रतिशत अन्य घरपरिवार अन्य स्वामित्वको घरपरिवार घरमा बस्दै आएका छन्। यस सम्बन्धी थप विवरणलाई तालिका ६ मा प्रस्तुत गरिएको छः

तालिका ६: घरको किसिमको आधारमा घरपरिवारको संख्यात्मक विवरण

वडा नं.	आफ्नै	भाडामा	संस्थागत	अन्य	जम्मा
१	२१६७	२०२	९	१०	२३८८
२	३०९२	२८४	६	१२	३३९४
३	३४७८	१२९२	२	३९	४८११
४	२०६२	५१५	१०	२१	२६०८
५	१३६३	२०७	५	७	१५८२
६	१०१९	८६०	१०	९	१८९८
७	१५३४	८३२	१८८	५	२५५९
८	१३२९	८३०	३२	१८	२२०९
९	२३७८	३९९	४०	२१	२८३८
१०	३४५३	११३८	१०	१३	४६१४
११	२५८४	३१६	२	१२	२९१४
१२	२८७४	८२२	१४	३१	३७४१
१३	१३३२	२४	२	१४	१३७२
१४	६२८	७	०	३	६३८
१५	३७१	६	१	०	३७८
१६	४२१	७	०	५	४३३

वडा नं.	आफ्नै	भाडामा	संस्थागत	अन्य	जम्मा
कुल	३००८५	७७४१	३३१	२२०	३८३७७
प्रतिशत	७८.३९	२०.१७	०.८६	०.५७	१००.००

श्रोतः नगरपालिकाको पार्श्वचित्र, २०७५

२.११ वीरेन्द्रनगर नगरपालिकाको संगठन संरचना

वीरेन्द्रनगर नगरपालिकाले निम्नानुसारको शाखाहरू रहने गरी नगरपालिकाको संगठन संरचना स्वीकृत गरेको छ भने आवश्यकता परेमा उपशाखाहरू समेत गठन हुन सक्ने व्यवस्था गरेको छः



नगरपालिका कार्यालयमा विभिन्न विषयगत शाखा र एकाईहरूको स्थापना र सञ्चालन गरी दैनिक कामकाज व्यवस्थित गर्न आवश्यक जनशक्तिको पर्याप्त नरहेको अवस्था छ। विशेष गरी नीति तथा योजना तर्जुमा र बजेट कार्यान्वयनमा कार्यपालिकालाई सघाउ पुऱ्याउने अधिकृत स्तरका कर्मचारीहरूको संख्या न्यून रहेको छ।

२.१२ नगरपालिकाको मानव संसाधन

नगरपालिका सञ्चालनका लागि नगर प्रमुख, उपप्रमुख तथा २६ जना सदस्य सहितको कार्यपालिका रहेको छ भने कर्मचारीतर्फ विभिन्न तहका ३५६ कर्मचारी कार्यरत रहेको देखिन्छ। थप विवरणलाई तालिका ७ मा प्रस्तुत गरिएको छ।

तालिका ७: नगरपालिकाका विभिन्न तहका कार्यरत कर्मचारी सम्बन्धी विवरण

तह	अप्राविधिक तर्फ		प्राविधिक तर्फ		कुल जम्मा
	स्थायी	करार	स्थायी	करार	
रा.प. द्वितीय	१	०	०	०	१

तह	अप्राविधिक तर्फ		प्राविधिक तर्फ		कुल जम्मा
	स्थायी	करार	स्थायी	करार	
९	०	०	१	०	१
८	२	०	१	२	५
७	२	०	१	०	३
६	१६	०	३८	३	५७
५	२४	२	५०	२४	१००
४	१०	३१	३५	२५	१०१
३	१	०	०	०	१
तहविहिन	१५	३७	०	०	५२
जम्मा	७१	७०	१२६	५४	३२१
सेवा करार					३५
जम्मा	**७१**	**७०**	**१२६**	**५४**	**३५६**

श्रोतः नगरपालिकाको पार्श्वचित्र, २०७५

परिच्छेद ३ः नगरपालिकाको संस्थागत क्षमता तथा राजस्व संकलन

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा राजस्व संकलनको अवस्थालाई संक्षिप्त व्याख्या गरिएको छ। यसबाट नगरपालिकाको राजस्व संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

३.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ ।

तालिका ८: स्थानीय राजस्व परामर्श समितिको संरचना

क्र.स.	नामथर	पद	सम्पर्क नम्बर
१	श्री निलकण्ठ खनाल	उपप्रमुख तथा समिति संयोजक	९८४८०२९१०५
२	श्री लक्ष्मी प्रसाद बास्कोटा	प्रमुख प्रशासकीय अधिकृत तथा समिति सदस्य	९८५८०६३१११
३	श्री ध्रुवकुमार चपाई	वडा अध्यक्ष वडा नं. ७ तथा समिति सदस्य	९८५८०२२२१५
४	श्री यमुना नेपाली	कार्यपालिका सदस्य तथा समिति सदस्य	९८५८०६२३४२
५	श्री हर्ष विक्रम खड्का	अध्यक्ष, सुर्खेत उद्योग बाणिज्य संघ तथा समिति सदस्य	९८५८०४८६५०
६	श्री पुष्पकेशर खनाल	उपशाखा प्रमुख, राजस्व उपशाखा तथा समिति सदस्य सचिव	९८६४९३३३३३

स्रोत: स्थानीय राजस्व परामर्श समितिको माइन्यूट, २०८२।

यस समितिले वार्षिक रुपमा राजस्वको प्रक्षेपण, दरा तथा दायरा निर्धारणका लागि परामर्शको भूमिकाका निर्वाह गर्नका साथै समय समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी नगरपालिकामा सिफारिश गर्नेलगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ।

नगरपालिकामा राजस्व प्रशासनको जिम्मेवारी निर्वाह गर्न योजना प्रशासन तथा अनुगमन शाखा अन्तर्गत राजस्व उपशाखा रहेको छ। राजस्व उपशाखामा अधिकृत श्री पुष्पकेशर खनालको नेतृत्वमा श्री खगीसरा घिमिरे र श्री दिपा अधिकारी गरी तीन जना कर्मचारी कार्यरत रहेका छन् भने प्रत्येक वडामा कम्तिमा एकजना कर्मचारी राजस्व संकलनको जिम्मेवारीमा रहेका छन। केही वडाहरूमा भने एकभन्दा बढि राजस्व हेर्ने कर्मचारी कार्यरत रहेका छन्।

३.२ नगरपालिकाको राजस्व परिचालन सम्बन्धी कार्ययोजना तथा नीतिहरू

नगरपालिकाको प्रत्येक आर्थिक बर्षमा प्रस्तुत गर्ने वार्षिक नीति तथा कार्यक्रम तथा आर्थिक ऐनका आधारमा राजस्वको नीतिगत व्यवस्थाको सामान्य झलक तलको बुँदामा प्रस्तुत गरिएको छ ।

- ✓ निश्चित समयसीमा तोकी सो समयमा व्यवसाय कर बुझाउन आउने करदातालाई जरीवाना तथा पुरानो बक्यौता करमा ५० प्रतिशतसम्म छुटको कानुनी प्रावधान।
- ✓ व्यापार व्यवसायीले कम्तीमा १० जना नगरबासीलाई राजेगार दिएमा ३ आर्थिक वर्षकको लागि बक्यौता कर छुट दिने व्यवस्था।
- ✓ कर संकलन कार्यलाई प्रविधिमैत्री बनाउदै नगर तथा वडामा कार्यरत कर्मचारीहरूलाई विभिन्न क्षमता विकास तथा प्रविधिमैत्री तालिमहरू सञ्चालन।
- ✓ कर असुली दरमा प्रभावकारीता ल्याउन राजस्व संकलन सुधार कार्ययोजना अनुरुपका कार्यहरू सञ्चालन।
- ✓ नगरपालिकालाई तिर्नुपर्ने कर दस्तुर तिरेका व्यवसायीहरूबाट मात्र वस्तु तथा सेवाहरू खरिद गर्ने नीति।
- ✓ नगरपालिकाका करदाताहरूको सर्वेक्षण गरी तथ्याङ्क सकंलन गर्ने तथा हरेक आर्थिक बर्षमा राजस्व अभिबृद्धि केन्द्रित अनुगमन गर्ने।

३.३ नगरपालिकाको आय समिक्षा

वीरेन्द्रनगर नगरपालिकाको संचित कोष, विगत आर्थिक वर्षहरूमा नगरपालिकाले गरेको आय तथा स्रोत परिचालनको अवस्था, आन्तरिक तथा वाह्य स्रोतबाट संकलित आय, आयको संरचना तथा आयको औसत बृद्धिदर आदिको समिक्षा तथा विश्लेषण यस प्रकोष्टम व्याख्या गरिएको छ।

३.३.१ स्थानीय सञ्चित कोष

नेपालको संविधानको धारा २२९ बमोजिम वीरेन्द्रनगर नगरपालिकामा एक स्थानीय संचित कोष रहेको छ। नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त ह'ने अनुदान, नगरपालिकाले लिएको रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम कोषमा जम्मा हुन्छ। कानून बमोजिम स्थानीय तहले लगाउने र उठाउने कर तथा राजस्व र अन्य स्रोतबाट प्राप्त आम्दानीय यस कोषमा रहन्छ। संचित कोषमा प्राप्त हुने राजस्व तथा आम्दानी तलको चित्रको माध्यमबाट देखाइएको छ ।

नगरपालिकाको सञ्चित कोष
अनुदानहरू : शशर्त, समानीकरण, समपुरक र विशेष अनुदान
आयमूलक कारकर्यक्रमहरु
व्यवसायकर, वहाल बिटौरी, जिडवुटी तथा कवाडी सम्पत्ती वा घरजग्गा कर भूमि कर वहाल कर पार्किङ्ग शल्कआदि
सम्पत्ती वहाल
चल,अचल सम्पत्ति वा अन्य बिक्रि
सेवा शुल्क र दस्तुर
दण्ड जरीवाना
ऋण वा सापटी
अन्य रकम
महशुलहरु
चन्दा, दान, उपहार वा सहायता
राजस्व बाँडफाँटको रकम
प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी
घरजग्गा रजिष्ट्रेशन शुल्क
पर्यटन शुल्क

३.३.२ नगरपालिकाको गत वर्षहरुको आयको विश्लेषण

वीरेन्द्रनगर नगरपालिकाले गत छ आर्थिक वर्षहरूमा कर तथा गैरकर राजस्वका शीर्षकगत आन्तरिक राजस्व परिचालन सम्बन्धी वित्तीय विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ९ : नगरपालिकाको विगत ६ वर्षको आन्तरिक राजस्व परिचालनको अवस्था (रकम रु.)

क्र.स.	राजश्व संकेत	आम्दानी शीर्षक	२०७६/२०७७	२०७७/२०७८	२०७८/२०७९	२०७७/२०८०	२०८०/२०८१	२०८१/२०८२
कर राजस्व			**३५३८८७१७**	**४३०७५२००**	**४५४७२५१३**	**५८३८८९४७**	**५७८९१४०१**	**७७३२७३४८**
१	११३१३	सम्पति कर	११३२५६६९	१२५४५७८५	९२३९३२८	८७४११६९	९०९५२१०	९३०२३४०
२	११३१४	भुमिकर/मालपोत	३०८९२०४	५२७०५६५	६७८४३६९	७९५७४०५	९१४७०९५	१०८९८५८९
३	११३२१	घरवहाल कर	१४३६१६५९	१९४८८१४९	२१५८२१६०	३१३४३४२८	३०७१३९४०	३६१३५९९१
४	११४५१	सवारी साधन कर (साना सवारी)	१६८३३५५	६९५२५०	९५६०००	१५५५०००	१०६७०००	२७१७३२५
५	११६९१	अन्य कर	२१३९२६९	२३०५८३६	१६७८२०३	१६९४०७४	३५७९७२	२१६७०२७
६	११४७२	विज्ञापन कर	०	०	८६२२८४	९५००००	२४३६४००	२३६३५००
७	११४७३	अन्य मनोरन्जन कर	९४४००	०	३०००	८२७५००	११३००	
८	३३३४२	मनोरन्जन कर					६६२१००	१५१५२००
९	११६११	व्यवसायले भुक्तानी गर्ने					३७८००	१५०८५
१०	१४६११	व्यवसाय कर	२६८६८३७	२७६९६१६	३७४२१६८	१३२०३७०	४१७४०००	११७८१७२०
११	११६३१	कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर	८३२५	०	०		३८७५	१०५०
१२	११६३२	अखेटोपहारमा लाग्ने कर			६२५०००	४००००००	१८४७०९	४२९५२१
गैरकर राजस्व			**३८३०५७१२**	**६९५४०५९१**	**६११९४१०६**	**७४५५८३६५**	**८८१५६२४२**	**१२४३९६५८८**
१	१४२५३	व्यवसाय रजिष्ट्रेशन दस्तुर			३६९८१६८	४१२९०५६	३३४८३६९	५४२५२०५
२	१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय					४३४००	२०६००

क.स.	राजश्व संकेत	आम्दानी शीर्षक	२०७६/२०७७	२०७७/२०७८	२०७८/२०७९	२०७७/२०८०	२०८०/२०८१	२०८१/२०८२
३	१४२१२	सरकारी सम्पतिको विक्रिवाट प्राप्त आय	७४०	०	३४१७५०	१८२२२२	८३५५	
४	१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम					१४७५६२६	१६०००
५	१४२१६	निजी धारा वापतको शुल्क	२२४२५	७४२७५			३५९५०	१०००
६	१४२१८	विद्युत सेवा शुल्क					२५२८५०	१५००
७	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री					४९२७५९६	११४२१६६२
८	१४२२१	न्यायिक दस्तुर	०	१२६६	२२९३३	११३५	६२३०	२००
९	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	३८४३००	११२३०५०	९७२४००	१२१९५५०	१६१९९५०	२४६३७००
१०	१४२२४	परीक्षा शुल्क	६७०००	७२८००	८४९००	६३७००	३३८८००	३३८५५०
११	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	९०३३६	३६०१२१	२१५०३८	७२३०००	११४३०००	२४३०२२०
१२	१४२४३	सिफारिस दस्तुर	१४६२९८२०	१६०९५९३८	१७०२४३८६	१५७७९४२७	१९७४७९६६	२२९९२९१८
१३	१४१५७	दहत्तर वहत्तर (ढुगा गिट्टी वालुवा)	०	२४६८४६००	६००२३६६	५६१५५६८	१४६८४०००	४७४७०८६६
१४	१४२२४	व्यक्तिगत घटना दर्ता	१८३५९५	४५५२३२	११५२०६०	१०७२५२५	१२६३६३५	१२३७५००
१५	१४२४१	पार्किङ्ग शुल्क					२००.००	
१६	१४२४५	नाता प्रमाणित दस्तुर	१९२४७५	३२३७९४	३३७१७५	३६१६९५	४४९००२	४९०५०
१७	१४२४९	अन्य दस्तुर	१४२७६०९	१४९५९१६	७२००३३८	३३२९९७७	२१३४२०७	१७२९३७१
१८	१४२५४	रेडियो/ एफ.एम.सञ्चालन दस्तुर					१०५०	४०३७७
१९	१४२६२	विद्युत सम्बन्धी दस्तुर					१२४५५०	५००
२०	१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	०	२१५००	०			१२५००
२१	१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	७३४०००	८४८०००	५४१४००	७२९४३७०	८७४०००	१२०५१६४
२२	११३२२	वहाल विटौरी शुल्क	११७५९७०	१५२७७३३	२५४९१२३	१२१२४५०३	१०४७३१३४	१११३५८०७
२३		फोहोरमैला	२८७२५५०	६१८७०७०	११५६५००	४९७३३२८		

क्र.स.	राजश्व संकेत	आम्दानी शीर्षक	२०७६/२०७७	२०७७/२०७८	२०७८/२०७९	२०७७/२०८०	२०८०/२०८१	२०८१/२०८२
२४	१४२४२	नक्सापास दस्तुर	१४६६९२५६	१४५४३२२९	१५४७५९२३	१९५३३५४६	२८०९४५१०	१७५२५१६५
२५	१४२६२	विद्युत सम्बन्धी दस्तुर					१२४५५०	
२६	१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर					२५०००	७३८५००
२७	१४२६५	अन्य क्षेत्रको आय	३४६०३०	४३५६००	४९४८००	५८३२५०	१४६४	
२८	१४५२१	प्रदुषण नियन्त्रण शुल्क					४३४९५	
२९	१४५२९	अन्य राजस्व	५३७४७५					**२८४८९४९**
३०	१५१११	बेरुजू आम्दानी	९७२१३०	५४९०४६	३६४०५८३	४५७७७८	२६३९२१	७१६४८९
३१		पर्यटन शुल्क		७४१०८०	११५२९४०	१२४२७९०		
३२	१४२१२	अन्य विक्रिवाट प्राप्त रकम		३४०	१७२४०			
३३		वसपार्क आम्दानी			२८१२२५०			
		कुल जम्मा	**७३६९४४२९**	**११२६१५७९१**	**१०६६६६६१८**	**१३२९४७३११**	**१४६०४७६४३**	**२०१७२३९३५**
		बार्षिक बृद्धि प्रतिशत		**५३**	**-५**	**२५**	**१०**	**३८**

स्रोतः बीरेन्द्रनगर नगरपालिका, राजस्व उपशाखा, २०८२ पौष।

चार्ट १: विगत ६ आर्थिक वर्षको कर र गैरकर राजस्व परिचालनको प्रबृत्तीको तुलना

आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ कर तथा गैरकर राजस्वमा ५३ प्रतिशतले बृद्धि भएको छ भने आर्थिक वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०७८/७८ मा ५ प्रतिशतले गिरावट छ। यसैगरी आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा ३८ प्रतिशतको बृद्धि रहेको छ (तालिका ९ का आधारमा तयार गरिएको)।



चार्ट २: समग्र औसत वार्षिक बृद्धिदर वा चक्रवृद्धिदर

समग्रमा ६ आर्थिक वर्षको कर र गैरकर राजस्वको चक्रबृद्धि दर २३.८२ प्रतिशत रहेको छ।



३.३.३ क्षेत्रगत बजेट खर्चको प्रवृत्ति

नगरपालिकाले विषय क्षेत्रगत वार्षिक बजेट खर्चको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ। क्षेत्रगत खर्चको हिस्सा हेर्दा सबैभन्दा बढी सामाजिक विकास क्षेत्रमा भएको छ।यसैगरी सबैभन्दा कम वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास तथा सुशासन क्षेत्रमा रहेको छ। विगत चार आर्थिक वर्षको कूल बजेट

विनियोजनमा सामाजिक विकास क्षेत्रको हिस्सा सबैभन्दा ठूलो रहेको छ। प्रशासनिक तथा सञ्चालन खर्चमा २०७८/७९ मा २४.३७ प्रतिशत खर्च भएकोमा २०८०/८१ मा २५.९९ प्रतिशत खर्च भएको छ।

तालिका १०: विगत वर्षहरूको क्षेत्रगत वजेट खर्चको प्रवृत्ती (रकम रु करोडमा)

क्षेत्र	२०७८/७९ को यथार्थ		२०७९/८० को यथार्थ		२०८०/८१ को यथार्थ		२०८१/८२ को संशोधित		२०८२/८३ को अनुमानित	
	बजेट	प्रतिशत	बजेट	प्रतिशत	बजेट	प्रतिशत	बजेट	प्रतिशत	बजेट	प्रतिशत
आर्थिक विकास	५.५४	४.५१	३.८८	२.८०	२.८२	१.८३	८.०६	२.४२	६.२७	१.५७
सामाजिक विकास	५७.१९	४६.५८	६६.०५	४७.७२	६६.१५	४२.८७	२०७.१	६२.२७	२७०.२	६७.८३
पूर्वाधार विकास	२८.४१	२३.१४	३७.४५	२७.०६	४२.९८	२७.८५	७२.४१	२१.७७	७९.८३	२०.०४
वन, वातावरण तथा विपद् व्यवस्थापन	१.३३	१.०८	१.४१	१.०२	०.९२	०.६०	५.५१	१.६६	१.५२	०.३८
संस्थागत विकास तथा सुशासन	०.३९	०.३२	१.८९	१.३७	१.३४	०.८७	४.८१	१.४५	४.७	१.१८
प्रशासनिक तथा सञ्चालन खर्च	२९.९३	२४.३७	२७.७२	२०.०३	४०.११	२५.९९	३४.६९	१०.४३	३५.८	८.९९
जम्मा	**१२२.८**	**१००**	**१३८.४**	**१००**	**१५४.३२**	**१००**	**३३२.६**	**१००**	**३९८.३**	**१००**

स्रोत: बीरेन्द्रनगर नगरपालिकाको रातो किताव, २०८२।

३.४ आय संकलन क्षमता तथा संस्थागत व्यवस्था

नगरपालिकाको राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छः

- नगरपालिकामा राजस्व परामर्श समितिले आवश्यकता अनुसार बैठक गर्ने, करका दर, दायरा सम्बन्धमा शीर्षकगत छलफल गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने गरेकोछ ।
- राजस्व शाखामा अधिकृतसहित ना.सु, सहायक कम्प्युटर अपरेटर गरी कुल चारजना कर्मचारी कार्यरत रहेका छन्।
- वडा कार्यालयहरूमा वडा सचिव, कार्यालय सहायक सहित सामान्यतया दुई जना कर्मचारी कार्यरत रहेका छन् भने केही वडामा थप जनशक्तिको व्यवस्था पनि गरिएको छ।
- नगर कार्यपालिकाको कार्यालय सहित सबै वडा कायार्लयमा कम्प्युटर, इन्भर्टर सहित राजस्व सफ्टवयेरको व्यवस्था रहेको छ। सबै वडा कार्यालयबाट कम्प्युटर सफ्टवये रमा आधारित बिलिङ गर्ने गरेको भए पनि पर्याप्त जनशक्तिको अपर्याप्तता रहेको छ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण अपर्याप्त भएको महशुष गरिएको छ।
- स्थानीय तहको राजस्व प्रशासन र व्यवस्थापन सम्बन्धी विषयमा विभिन्न प्रकारका तालिम, अध्ययन, अवलोकन भ्रमण लगायत क्षमता विकासका क्रियाकलापहरू वार्षिक रुपमा सञ्चालन हुने गरेकोछ ।

३.५ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू

नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेको राजस्व अधिकार क्षेत्रको पूर्णउपयोग गरी राजस्व परिचालनमा सुधार गर्नको लागि कर एवम् गैर कर राजस्वको दर रेटहरूमा आवश्यक परिमार्जन गरी

योजनाबद्ध रुपमा रणनैतिक प्रयासहरूको थालनी गर्नु पर्ने देखिएको छ। प्रभावकारी राजस्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन्ः

कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघिय कानुनले प्रदान गरकको राजस्व अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजस्व परिचालनका लागि राजस्वका दर, दायरा तथा राजस्व प्रशासनको समग्र पक्षलाई सम्बोधन गर्ने गरी आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरू समयमै तयार गरी नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। आर्थिक ऐनको कार्य क्षेत्र दर रेटको निर्धारणमा मात्र सिमित रहेकोले पालिकाहरूको राजस्व प्रभावकारि तवरले नियमन एवम व्यवस्थापन नभै रहेको सम्बन्धमा राजस्व ऐनको तर्जुमा एवम कार्यान्वयनवाट राजस्व प्रणाली व्यवस्थित गर्न आवश्यक देखिएको छ।

उपयुक्त संगठन निर्माण

जनसंख्याको लगातार वृद्धि, आर्थिक तथा सामाजिक क्षेत्रको निरन्तर विकास, अव्यवस्थित शहरी तथा बजारीकरण, बढ्दो मानवीय क्रियाकलाप, प्राकृतिक स्रोतको अनियन्त्रित दोहन वढ्दै गएको देखिन्छ। नगरभित्र तथा वाहिर पनि सडक तथा यातायातको संजालमा तिब्र बृद्धि भइरहेको छ भने हाल कृषि तथा पशुजन्य स्रोत लगायत स्थानीय स्रोतमा आधारीत उद्योग तथा व्यवसायमा समेत वृद्धि भइरहेको छ। नगरपालिकाले प्राप्त स्वायत्त अधिकारको प्रयोग र स्थानीय स्रोत साधनको परिचालन गर्न नगरपालिकाको राजस्व प्रशासन क्षमता सुधार गर्नुपर्ने देखिएको छ। नगरपालिकाले उपयूक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ राजस्व शाखाको व्यवस्था गर्नुपर्ने देखिएको छ। राजस्व शाखाको स्तरोन्नति, कर्मचारीको स्पष्ट कार्य विवरण, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना, उत्प्रेरणात्मक विधिहरूको अवलम्वन, करदाता मैत्री राजस्व प्रशासन जस्ता पक्षहरूलाई सम्वोधन गर्ने गरी राजस्व संगठनलाई सुधार गर्नु आवस्यक छ।

तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण

कर तथा राजस्व परिचालनका लागि विस्तृत तथ्याङ्क एवं अभिलेखहरू हुनु जरुरी छ। कर तथा राजस्व सम्बन्धी यसको दायरा र क्षेत्रका सम्बन्धमा आवश्यक विवरण, जानकारी तथा अभिलेख नगरपालिकाले व्यवस्थित रुपमा सङकलन तथा अद्यावधिक गर्नुपर्ने देखिन्छ। कर तथा राजस्वका स्रोतहरूको पूर्ण अभिलेख भएको अवस्थामा मात्र आन्तरिक स्रोतहरूको प्रभावकारी परिचालन हुन सक्ने देखिन्छ। हाल स्थानीय तहलाई संविधान, ऐन तथा नियमावलीले आन्तरिक स्रोत परिचालनका लागि संयुक्त तथा एकल अधिकार क्षेत्रहरू अन्तरगत रहि नगरपालिकाले आफ्नो नगरभित्र अधिक सम्भावना भएका स्रोतहरूलाई प्राथमिकतामा राख्नु पर्दछ। दायरा विस्तारको लागि प्रदेश संग समन्वय गरी विज्ञापन, मनोरंजन करका क्षेत्रहरूको दर रेट निर्धारण गरी लागु गर्न पर्ने देखिन्छ। नगरले निर्माण गरेको सडक, खानेपानी, क्रिडास्थल, र मनोरंजन स्थल लगायतमा पूर्वाधार शुल्क उठाउने व्यवस्था गर्दा राजस्व संकलनमा वृद्धि गर्न सक्ने सम्भावना रहेको छ। राजस्व आकारका हिसावले ठूला भएका क्षेत्रमा ज्यादा ध्यान दिदै प्राथमिकताका आधारमा याजेना र कार्ययोजनाहरूलाई क्रियान्वित गराउदै लैजाने व्यवस्था गर्न आवश्यक छ। आगामी दिनहरूमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा विस्तार गर्दै राजस्व प्रशासनलाई चुस्त दुरुस्त पार्नु पर्दछ।

उद्यमशीलता, सीप र क्षमता विकास कार्यक्रम संचालन

यस नगरपालिकाले आफ्नो आन्तरिक आय वृद्धिका लागि विद्यमान सम्पतिको परिचालन गरी व्यवसायिक सेवामूलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न आवश्यक देखिन्छ। यसका लागि निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित गरी नयाँ वस्तु र सेवाको उत्पादन तथा ब्यापार गर्न सक्दछ। जस्तै निजी क्षेत्रको साझेदारीमा कृषि उपजका लागि अवश्यक शित भण्डार, नगरपालिकाको जग्गामा व्यवसायिक भवन निर्माण गरी बजार सञ्चालन गर्ने जस्ता

क्षेत्रमा लगानी तथा आयमूलक कार्यक्रम सञ्चालन गर्न सक्ने सम्भावना रहेको छ।युवा अभिमुखिकरण, सीपमुलक तथा आय आर्जन संग सम्बन्धित क्षमता विकास कार्यक्रमहरू माफर्त युवा तथा महिला उद्यमशिलता विकास गरी नगरमा व्याप्त बोरोजगारी र सामजिक शिथिलतालाई सक्रियता सिजर्न शिलता एवम गतिशिलता तर्फ उन्मखु गराउन सके नगरको आर्थिक सामाजिक विकास भई नगरको आन्तरिक आम्दानी समते दिगो र दरिलो बनाउन सकिने सम्भावना रहको छ।उदहारणको लागि सिप तथा रोजगार मेला, औद्योगिक मेला, जस्ता प्रर्दशनी यसका ज्वलन्त उदहारणहरू हुन्।नगर भित्रका सवै टोलहरूलाई क्रियायाशिल गराउदै, छिमेकि पालिकाहरू र देशका अन्य स्थानीय तहसंग समन्वयमा सञ्चालन गरिने यसप्रकारका महोत्सव र मेलाहरूले परम्परागत सिप र प्रविधिको जगेर्नाका साथ साथै आय आजर्न का अवसरहरू पनि सिर्जना गर्न सकिने सम्भावना रहेको हुन्छ।यस प्रकारको अवधारणको अगवुाई गर्न सक ेवीरन्ेद्रनगर नगरपालिकाले विशिष्ठ पहिचान कायम गर्न सक्दछ।

पर्यटन

नगरपालिकाले मुख्यतय अन्तरिक पर्यटनको सम्भाव्यता लाई मध्य नजर गरी यस क्षेत्रमा पर्यावरिणय पर्यटनको सम्भावनाको लाभ उठाउन सक्दछ। नगरपालिकाले तत्काल लाभ लिनसक्ने पर्यटकीय तथा अन्य सम्भावनाहरू यस प्रकार रहेका छन्।

साहसिक पर्यटन

जिप फल्लायर, साईकल ट्रेल, जंगल पद यात्रा, साहसिक पर्यटन विकासको सम्भावना पहिचान र उपयोग गर्ने सके नगरपालिलकाको आन्तरिक राजस्वमा थप टेवा पुग्न सक्छ।

आदिबासी एकल ग्राम अवधारणा (Tribal Village Concept)

नगरपालिकामा रहेको आदिवासि तथा लोपोन्मुख जातीहरूको (थारु, दराई, बोट, तामाङ्ग, कोरी, कुमाल) र अन्य जात जातीहरूको विशिष्ट प्रचलन, रहन सहन भेष भुषा, रितिरिवाज र परम्पराहरू लाई एउटै स्थानमा साम्फा ग्ारमको रुपमा विकसित गरी पर्यटकिए बस्तुको रुपमा विकास गर्दा आन्तरिक एवम वहाय पर्यटकीय आकर्षण बढाउन सकिने सम्भावना रहेको छ भने लोपोन्मुख कला संस्कृती, भेष भुषा, रहन सहन परम्परा धर्म,संस्कृती सामाजिक परम्परामा लाई ध्यानमा राख्दै म्युजियमको स्थापना वाट संस्कृती परम्पराको संरक्षण गर्न सकिने पनि सम्भावना रहेको छ । विभिन्न जात जातीको प्रवर्धनका लागि भिन्न भिन्न स्थानमा छिरोलिएर गरिने लगानीहरू र्दिघकाल सम्म अघि नबढने र कुनै प्रतिफल पनि नदिने भएकाले पूंजिको दुरुपयोग मात्र हनु जाने र मूल्यअभिवृद्धि नगर्ने भएकाले नगरपालिकाले यस तर्फ विचार गरी एकल साम्फा ग्रामको अवधारणा अघि बढाई मौलिक ढंगको पर्यटकीय पूर्वाधारको रुपमा विकास गर्दै लैजान सक्दछ।

पर्यावरणीय जंगल पदमार्गः

सामुदायिक वन व्यवस्थापन समिति संग समन्वय र सहकार्यमा नगरपालिकाले पर्यावरण मैत्री जंगल पदमार्ग सन्चालन गर्न सके ठूलो संख्यामा आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न सक्ने सम्भावना रहेकोछ।आवश्यक संरचना निमाणर््ाका लागि निजी क्षेत्र संग सहकार्य गर्न सकिन्छ।जगंलमा आवश्यक पर्ने सेवा स्थलहरू, विश्रामस्थलहरू, खानेपानी आपूर्ित, पथ चिन्हहरूको समेतको व्यवस्था गरी सावर्ज निक निजि क्षेत्र साम्फेदारी (सानिसा) अवधारणा माफर्त नगरपालिकाले त्यस्ता पूर्वाधार निर्माण र सञ्चालन गर्न गर्न सक्दछ।जसले नगरको र नगरवासिहरूको अर्थोपाजर्न मा सकारात्मक प्रभाव पार्दछ।

खुल्ला चिडीया खाना मार्फत जैविक विविधताको संरक्षण नगरपालिका अन्तर्गत रहेको पहाड र समतल दुब ै क्षत्रेमा जगंलले ढाकेको भूभागमा प्राकृतिक खुल्ला चिडियाखाना निर्माण गरी संचालनमा ल्याउन सके जैिवक विविधताको संरक्षण हनु जाने र एउटा आकर्षक पर्यटकीय गन्तव्यको रुपमा यस क्षेत्रलाई विकासित गर्न सकिने सम्भावन समेत रहेको छ। जसवाट रोजगार, व्यापार व्यावसाय बृद्धि भई पालिकाको राजस्व वृद्धि गर्न सकिने सम्भावन रहेको छ।

पारदर्शिता र जवाफदेहिता प्रभावकारी राजस्व प्रशासनका लागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिक प्रति जवाफदेही हनु आवश्यक छ। आयव्ययको विवरण आवधिक रूपमा प्रकाशनमा ल्याउनु यस दिशातर्फको सकारात्मक कदम हनु सक्दछ। कर र गैरकर राजस्वको सिद्धान्त प्रतिकुल नहनु े गरी राजस्वलाई करदाता समेतको हित हुन ेगरी उपयोग बढाउन सकेमा कर सहभागिता बढाउन सहज हुन्छ भने नगरपालिका प्रति नागरिकहरूको विश्वास र अपनत्व बढाउन सकिन्छ साथ साथै सङ्कलित राजस्व तथा त्यसको उपयोग सम्बन्धी जानकारी आम नागरिकसम्म विस्तार गरी पारदर्शी र जवाफदेही स्थानीय सरकारको अनुभूतिका लागि पनि आवस्यक छ। न्यायोचित राजस्व प्रणाली नगरपालिकाद्वारा लगाइने कर तथा शुल्कहरूलाई सेवाग्राहीको सुविधासँग जोडेर हेर्नु पर्ने हुन्छ। जुन क्षत्रेवाट राजस्व संकलन गरिएको हो, सोही क्षेत्रको विकास र सेवा विस्तारमा उक्त आम्दानीको उल्लेख्य हिस्सा खर्च गर्ने नीति बनाउनु पर्दछ। जस्तै नगरस्तरीय सडकहरूवाट उठाइएका पटके सवारी करवापतको आयलाई सडककै मर्मत सम्भारमा खर्च गर्ने, पर्यटक प्रवेश शुल्कलाई पर्यटन पूर्वाधार विस्तारमा नै खर्च गर्ने जस्ता नीति अवलम्बन गर्नु पर्दछ। त्यसैगरी कुनै नयाँ क्षेत्रमा कर लगाउँदा त्यसले आधारभूत वस्तुहरूको उत्पादनलाई निरुत्साहित गर्ने र स्थानीय अर्थतन्त्रमा नकारात्मक असर पर्ने अवस्था आएमा त्यस्तो करलाई तत्कालको लागि स्थगित गर्नु हितकर हुन्छ।

खर्च नियन्त्रण

नगरपालिकाले उपलब्ध गराएको सेवाप्रति नागरिकको सन्तुष्टिले जनताको कर तिर्ने चाहनालाई निर्धारण गर्दछ यसर्थ पनि नगरपालिकाले उपलब्ध गराएका सेवाहरू प्रभावकारी र मितव्ययी भएको सुनिश्चित गर्न आवश्यक छ। खर्च नियन्त्रणका लागि अनावश्यक चालु खर्च, लाभ र दिगोपना विचार नगरी परियोजनामा हुने लगानी, कमजोर सम्पत्ति तथा नगद व्यवस्थापन, सेवा प्रदानमा पक्षपात पूर्ण व्यवहार जस्ता कार्यहरूको नियन्त्रणमा विशेष ध्यान दिनु पर्दछ। खर्चमा मितव्ययिता, कार्यकुशलता र प्रभावकारीता लाई कर सहभागिता अभिबृद्धिको माध्यमका रुपमा लिनु आवश्यक छ।

संघीय र प्रादेशिक व्यवस्थाअनुसार राजस्व संकलन

संघीय र प्रादेशिक आर्थिक ऐनमा समय समयमा हुने परिवर्तनको आधारमा स्थानीय राजस्व संकलनको लागि स्थानीय कानूनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, संकलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु र बाँडफाँड हुने राजस्व शिर्षकहरूमा समन्वयात्मक रुपमा राजस्व संकलन गर्नु तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रुपमा रहेको छ। हाल प्रदेश र संघ संग समन्वयमा संकलन गर्न पर्ने राजस्वहरूमा उचित समन्वयको अभावले गर्दा कानूनी उल्झनहरू उत्पन्न भई कानूनी तथा वित्तीय जोखिमका सवालहरू उत्पन्न भएका छन। विशेष गरी विज्ञापन, मनोरंजन कर, दहत्तर बहत्तर जस्ता कर राजस्वका क्षेत्रहरूमा संवैधानिक एवम कानूनी प्रावधानहरूको पूर्ण पालनाका साथ समन्वयको टडकारो आवश्यकता देखिएको छ।

परिच्छेद चारः स्थानीय तहको राजस्व अधिकार र सम्भावना

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार नगरपालिकाको आन्तरिक राजस्व परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ। यसबाट नगरपालिकाको आन्तरिक राजस्व परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ।

४.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छः

- ✓ सम्पत्ति कर
- ✓ घर बहाल कर
- ✓ घर जग्गा रजिष्ट्रेशन शुल्क
- ✓ सवारी साधन कर
- ✓ सेवा शुल्क दस्तुर
- ✓ पर्यटन शक
- ✓ विज्ञापन कर
- ✓ व्यवसाय कर
- ✓ भूमीकर (मालपोत)
- ✓ दण्ड जरिवाना
- ✓ मनोरञ्जन कर

संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको

४.१.१ नगरपालिकाको एकल अधिकारः

(अ) कर राजस्व

- <u>**सम्पत्ति करः**</u> आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने। "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित ब्यवस्था)
- <u>**भूमि कर (मालपोत)**</u>: आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने। (आर्थिक विधयक २०७५ वाट संसोधित ब्यवस्था)
- <u>**घर जग्गा बहाल करः**</u> कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- <u>**व्यवसाय करः**</u> पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- <u>**सवारी करः**</u> टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।

- **<u>जडिबुटी, कवाडी र जीवजन्तु कर:</u>** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गर े बापत ।

आ) शुल्क

- ✓ बहाल बिटौरी शुल्कः आफलु े निर्माण, रेखदेख वा सञ्चालन गरको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- ✓ पार्किङशुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत ।

इ) सेवा शुल्क

- ✓ आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायकिङ, बञ्जीजम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।
- ✓ आफूले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको सेवा(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाइर, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाहगृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) मा। अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क।
- ✓ सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

ई) दस्तुर

- ✓ दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
- ✓ एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, रियल स्टेट ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खननतथा उपयोग
- ✓ नक्सा पास दस्तुर
- ✓ पञ्जीकरण व्यवस्थापन दस्तुर
- ✓ वडाबाट गरिने सिफारिश तथा प्रमाणित दस्तुर

उ) बिक्री गर्न सक्ने(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)

- ✓ नगरपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- ✓ नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजरु ी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- ✓ यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)

- ✓ सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- ✓ वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

४.१.२ प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४))

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महशुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण।

स्थानीय तहका पत्रपत्रिकाको दर्ता संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छः

४.१.३ एकल कर प्रशासन सम्वन्धी व्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित व्यवस्था)

- सवारी साधन करको दर प्रदेशले निर्धारण एवम संकलनगर्ने तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करकोदर नगरपालिकाले दर निर्धारण गरी उठाउन सक्ने व्यवस्था गरेकोछ।
- घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने।
- मनोरञ्जन करको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने।
- विज्ञापन करको दर नगरपालिकाले लगाउने र उठाउने (ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने।
- प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने।
- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीयतहलाई बाँडफाँड गरिने।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम पद्रेश सरकारले स्थानीयतहलाई बाँडफाडँ गर्ने।
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने।

(२) राजस्व बाँडफाँड

संघीय सरकारले संकलन गरेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने।

- प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने।
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने।
- प्राकृतिक श्रोतबाट प्राप्तहुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीयतहलाई २५ प्रतिशत।
- प्राकृतिक स्रोतबाट प्राप्तहुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने।

(३) अनुदान

- **वित्तीय समानीकरण अनुदान:** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्तहुने
- **सशर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- **समपूरक अनुदानः** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने

(४) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने।
- नेपाल सरकारको सहमतिमा वित्त आयोगले गरेका सिफारिसको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने।
- उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।
- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीयतहलाई प्रति कुल असर नहनुे गरी लगाउनु पर्ने (सवंैधानिक व्यवस्था धारा २२८(२))

कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र। सेवा शुल्क असुलीकार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने।

४.२ नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था

वीरेन्द्रनगर नगरपालिकाले नेपालको सविधानको अनुसूची ८ र ९ मार्फत प्राप्त राजस्व अधिकार क्षेत्र अन्तर्गतका राजस्व शिर्षकहरूको उपयोगको अवस्था विश्लेषण गर्न कार्यपालिका सदस्यहरू, वडा सचिवहरू लगायत राजस्व शाखाका कर्मचारीहरू सँग बहृ त परामर्श छलफल गरिएको थिय।उक्त छलफलमा नगरपालिकाले राजस्व शिषर्कहरू मध्ये असुली गरिरहेको, संकलनका लागि निर्णय मात्र गरेको र सम्भावना भएको अवस्थाको बारमो धारणा र राय संकलन गरिएको थियो।जस अनुसार वीरेन्द्रनगर नगरपालिकाको राजस्वका स्रोतहरूको परिचालनको अवस्थालाई तालिका ११ मा प्रस्तुत गरिएको छ।

तालिका ११ : नगरपालिकाको राजस्व परिचालनको अवस्था

क्र.सं.	आयका प्रकार	सम्भावनाको विवरण	संकलन भएको/नभएको	दर निर्धारणको अवस्था
क.	**कर राजस्व तर्फ**			
१	सम्पत्ति कर	संभावना भएको	भएको	भएको
२	मालपोत वा भूमिकर	संभावना भएको	भएको	भएको
३	सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)	संभावना भएको	भएको	भएको
४	घरजग्गा बहाल कर	संभावना भएको	भएको	भएको
५	व्यवसाय कर	संभावना भएको	भएको	भएको
६	विज्ञापन कर	संभावना भएको	भएको	भएको
७	मनोरञ्जन कर	संभावना भएको	भएको	भएको
८	व्यावसायिक भिडियो कर	संभावना भएको	नभएको	नभएको
९	घर जग्गा रजिष्ट्रेशन शुल्क	संभावना भएको	भएको	भएको
१०	जडिबुटी, कवाडी र जीवजन्तु कर	संभावना भएको	भएको	भएको
ख.	**गैरकर राजस्व तर्फ**			
१.	ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी स्लेट, खरीढङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क	संभावना भएको	भएको	भएको
२.	नक्सापास दस्तुर	संभावना भएको	भएको	भएको
३.	ब्यक्तिगत घटना दर्ता शुल्क	संभावना भएको	भएको	भएको
४.	वहाल विटौरी	संभावना भएको	भएको	भएको
५.	पार्किङ्ग शुल्क	संभावना भएको	भएको	भएको
६.	अस्पताल संचालन	संभावना भएको	भएको	भएको
७.	फोहरमैला व्यवस्थापन शुल्क	संभावना भएको	भएको	भएको
८.	स्थानीय खानेपानी	संभावना भएको	भएको	भएको
९.	स्थानीय विद्युत महशुल	संभावना भएको	भएको	भएको
१०.	केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ आदि मनोरंञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क	आंशिक संभावना भएको	भएको	भएको
११.	निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति,	संभावना भएको	भएको	भएको

क्र.सं.	आयका प्रकार	सम्भावनाको विवरण	संकलन भएको/नभएको	दर निर्धारणको अवस्था
	शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविघाट, सडक, वसपार्क, पुल आदि			
१२.	मूल्यांकन सेवाशुल्क	संभावना भएको	भएको	भएको
१३.	दर्ता, अनुमति तथा नवीकरण दस्तुर एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म	संभावना भएको	भएको	भएको
१४.	वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर	संभावना भएको	भएको	भएको
१५.	दण्ड जरिवाना	संभावना भएको	भएको	भएको

स्रोतः नगरपालिकाको आर्थिक ऐन, २०८२

४.३ राजस्व प्रक्षेपण विधि

राजस्वको शीर्षकगत करदाताको संख्या (करको दायरा) एकिन हुन नसकेको कारण औसत बार्षिक बृद्धि दरलाई आधार लिएर नगरपालिकाको राजस्व प्रक्षेपण गरिएको छ। यदि नगरपालिकाले राजस्व सुधार कार्ययोजना, करको दायरा विस्तार, सूचना प्रविधिको प्रयोग र निजी क्षेत्रसँग सहकार्य जस्ता सुधारात्मक कदमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेमा आन्तरिक राजस्व वार्षिक रूपमा सकारात्मक रूपमा बढ्ने अपेक्षा गर्न सकिन्छ।साथै नगरपालिलकाले करदाता सम्बन्धी डाटावेशहरु तयार गरेको अवस्थामा यनिक रुपमा नगरपालिकाको आन्तरिक राजस्वको संभाब्यता (Revenue Capacity or Potentiality) आंकलन गर्न सकिन्छ।

नगरपालिकाको राजस्वको संभाव्यता तथा क्षमताको गणना विभिन्न विधिको प्रयोग गरेर गर्न सकिन्छ। उहादरणका रुपमा:
करदाताको संख्या एकिन भएको र आर्थिक ऐनमा दर निर्धारण भएको अवस्थामा

- ✓ राजस्व क्षमता तथा संभाव्यता=शीर्षकगत करदाताको संख्या (करको आधार) × करको दर
- ✓ ठेक्का मार्फत राजस्व संकलन हुने क्षेत्रहरु जस्तै नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि) विज्ञापन कर, मनोरञ्जन कर, कवाडी मालसामान आदिको ठेक्का रकमलाई आधार मानिन्छ।

नगरपालिकासँग राजस्वको पर्याप्त सम्भाव्यता भए तापनि त्यसको सतप्रतिशत संकलन गर्न व्यवहारिक रूपमा सम्भव नहुन सक्छ। त्यसैले कुल सम्भावित राजस्वमध्ये कति प्रतिशतलाई करको दायराभित्र ल्याउन सकिन्छ भन्ने कुरा विगतका अनुभव तथा वर्तमान राजस्व प्रशासनको क्षमतामा आधारित हुन्छ।

वीरेन्द्रनगर नगरपालिकामा करदातासम्बन्धी आधिकारिक तथ्याङ्क उपलब्ध नभएकाले, विगतका प्रवृत्ति र उपलब्ध सूचनाका आधारमा आगामी वर्षहरूको राजस्व प्रक्षेपण गर्नु उपयुक्त हुन्छ। राजस्व संभाव्यताको लागि निम्नानुसारको विधिको पनि प्रयोग गर्न सकिन्छ।

- ✓ नगरपालिकाको **आर्थिक स्थापना (Establishments)**, **घरधुरी संख्या**, **भवन तथा सम्पत्ति अभिलेख**, **नक्शापास तथ्याङ्क**, **व्यवसाय दर्ता**, र **भूमि प्रयोग** जस्ता सूचकलाई आधार मानेर करयोग्य आधार (Tax Base) अनुमान गर्न सकिन्छ।
- ✓ **समान प्रकृतिका नगरपालिकाहरू (Peer Municipalities)** हरुसँग तुलना पनि गर्न सकिन्छ। जस्तै आकार, जनसंख्या, शहरीकरण र आर्थिक संरचना मिल्दोजुल्दो स्थानीय तहको **प्रति व्यक्ति राजस्व, सम्पत्ति कर अनुपात, र व्यवसाय कर अनुपात** लाई सन्दर्भ मानेर नगरपालिकाको सम्भावित राजस्व क्षमता तुलना गर्न सकिन्छ।
- ✓ **कर अन्तर (Tax Gap) विश्लेषण** बाट पनि राजस्व संभाव्यता पहिचान गर्न सकिन्छ। अर्थात् सम्भावित कर र वास्तवमा संकलित करबीचको अन्तर कति छ भन्ने अनुमान। यसले सुधारका लागि कति अतिरिक्त राजस्व उठाउन सकिन्छ भन्ने स्पष्ट चित्र दिन्छ।
- ✓ करदाताको संख्या एकिन नभएको तर आर्थिक ऐनमा दर निर्धारण भएको अवस्थामा विगत वर्षमा राजस्व संकलनको प्रवृत्ति (Trend) लाई आधार मानेर राजस्व प्रक्षेपण गर्न सकिन्छ।

(क) कर तथा गैरकर राजस्व प्रक्षेपण

नगरपालिकाले शीर्षकगत करदाता सम्बन्धी व्यक्तिगत तथ्याङ्क अद्यावधिक गरि नसकेको कारण वर्तमान करको आधार अनुमान गर्न कठिन भयो। करदाताको एकीन संख्याको जानकारी नहुँदा यथार्थपरक रुपमा करको संभावना गणना गर्न कठिन हुन्छ। सामान्य अनुमानका भरमा संभावनाको गणना गर्दा पनि तथ्यपरक नहुने हुँदा नगरपालिकाले विगत आर्थिक वर्षहरूमा संकलन गरेको राजस्वको प्रवृत्तिलाई आधार मानी आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ। राजस्व प्रक्षेपण गर्न समग्र औसत वार्षिक बृद्धिदर वा चक्रवृद्धिदर (Compound Annual Growth Rate-CAGR) विधि प्रयोग गरिएको छ। यो विधिले कुनै निश्चित अवधिमा राजस्व कति प्रतिशत दरले औसत रूपमा वार्षिक वृद्धि (वा घट) भएको छ भन्ने कुरा मापन गर्छ। यस विधिले वार्षिक उतार-चढावलाई समायोजन गरी सुरुको वर्षदेखि अन्तिम वर्षसम्मको समग्र वृद्धिदरलाई एउटै वार्षिक दरमा रूपान्तरण गर्छ, जसले दीर्घकालीन प्रवृत्ति स्पष्ट देखाउँछ। त्यसैले यो विधिको प्रयोग गरी नगरपालिकाको कर तथा गैरकर राजस्व प्रक्षेपण गरिएको छ।

समग्र औसत वार्षिक बृद्धिदर वा चक्रवृद्धिदर (CAGR) गणनाको सूत्र

$$\text{CAGR} = \left(\frac{\text{अन्तिम वर्षको राजस्व}}{\text{सुरु वर्षको राजस्व}}\right)^{\frac{1}{n}} - 1$$

जहाँ,

- *सुरु वर्षको राजस्व* = पहिलो वर्षको राजस्व
- *अन्तिम वर्षको राजस्व* = अन्तिम वर्षको राजस्व
- n = सुरु र अन्तिम वर्षबीचको अवधि (वर्ष)

यस अध्ययनमा ६ आर्थिक वर्षको तथ्यांक प्रयोग गरिएको हुँदा सुरु र अन्तिम वर्षबीच ५ वर्षको अन्तर (n = 5) लिइएको छ। यसमा आधारमा कर राजस्व तर्फ बार्षिक २० प्रतिशत र गैरकर राजस्व तर्फ बार्षिक २७

प्रतिशतका दरले वार्षिक बृद्धि हुन सक्ने अनुमान गरी आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ। CAGR प्राप्त भएपछि अन्तिम वर्षको राजस्वलाई आधार मानी भविष्यका वर्षहरूको राजस्व यस सूत्रबाट अनुमान गरिएको छ।

भविष्यको राजस्व= अघिल्लो वर्षको राजस्व × (1 + CAGR)

(ख) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान

चालु आर्थिक वर्ष २०८२/८३ को अनुमानलाई आधार मानी बार्षिक रुपमा १५ प्रतिशतका दरले संघीय सरकार/नेपाल सरकार र प्रदेश सरकारबाट विभिन्न किसिमका अनुदानहरु नगरपालिकालाई उपलब्ध हुने अनुमान गरी आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ।

(ग) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व र रोयल्टी बाँडफाँटको रकम

चालु आर्थिक वर्ष २०८२/८३ को अनुमानलाई आधार मानी बार्षिक रुपमा १० प्रतिशतका दरले संघीय सरकार/नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व र रोयल्टी बाँडफाँटको रकम नगरपालिकालाई उपलब्ध हुने अनुमान गरी आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ।

परिच्छेद पाचँ :राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सधुार कार्ययोजना प्रस्तुत गरिएको छ।यस कार्ययोजनालाई नगरकार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनेछ।

छ।

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला सञ्चालन गरिएको थियो। नगरपालिकाको आयोजना र कमिटेडको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा नगरपालिकाका प्रमुख, उपप्रमुख लगायत कार्यपालिका सदस्यहरू, नगरपालिका कार्यालय तथा वडाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो। कार्यशालामा सहभागीहरूका तर्फबाट राजस्वको सम्भावना र सुधार गर्न पर्ने क्षेत्रहरूका बारेमा सहभागिहरूवाट धारणाहरू राखिएको थियो। कार्यशालाको टिपोटहरू र परामर्शदाताद्वारासंकलित अन्य सूचना तथा जानकारीहरूलाई समेटेर वीरेन्द्रनगर नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको तयार गरिएको छ। यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा कर राजस्व सुधार योजना, गैरकर राजस्व सुधार योजना र राजस्व प्रशासन सुधार योजना गरी तीन भागमा गरिएको छ।

५.१.१ कर राजस्व सुधार कार्य योजना

कर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम करका दर र दायरा बृद्धि गर्न नगरपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार तयार गरिएको छ। राजस्व सुधार कार्ययोजनाको कार्यान्वन गर्ने मुख्य जिम्मेवारी राजस्व उपशाखाको हुनेछ, र आवश्यकता अनुसार योजना शाखा, लेखाशाखा, पूर्वाधार विकास शाखा, सूचना प्रविधि शाखा लगायत अन्य शाखाहरुले सहायक जिम्मेवारी लिएर सहजीकरण गर्नेछन।

तालिका १२: कर राजस्व सुधार कार्ययोजना

क्र.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
१.	**सम्पत्ती कर**		
१.१	सम्पती करका करदाताहरूको तथ्यांक संकलन र अध्यावधिक गरी वडागत रुपमा करदाता करदाता संख्या निर्धारण गर्ने।	तथ्यांक संकलन र एकीकरण आ.व. २०८२/८३ को असार मसान्त सम्म	उल्लिखित कार्य गर्नका लागि प्राविधिक जनशक्ति र आर्थिक स्रोतको उपलब्धता
१.२	सम्पती करका करदातालाई कर रकम र कर तिर्ने समयसीमा सहित कर तिर्न आउने सम्वन्धी सूचना टेलीफोन, एसएमएस जस्ता माध्यमबाट उपलब्ध गराउने	२०८२/८३ को असार भित्र	राजस्व उपशाखाको प्रतिवद्धता

क्र.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
१.३	सम्पत्ति कर सम्बन्धी फाराम अनलाइन प्रविधिबाट भर्ने व्यवस्था गर्ने सम्पत्ती कर योग्य जमिनको स्थिति र तस्वीरलाई करदाता नम्बरवाट हेर्न सकिने प्रणालीको व्यवस्था गर्ने डिजिटलाइज्ड)	२०८२/८३ को असार भित्र	राजस्व उपशाखाको प्रतिवद्धता
१.४	निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराउनु पुर्व सम्पती करको करदाता सूचीमा समावेश गर्ने अन्तर आवद्वता।	२०८२/८३ को असार भित्र	राजस्व उपशाखाको प्रतिवद्धता
१.५	सम्पत्ती करलाई आधारभूत सेवासँग आवद्ध गर्न राजस्व, वडा तथा नगर स्तरबाट सेवा लिन आउने नागरिक नियमित लाई सम्वन्धित शाखा वा वडाबाट सम्पती कर भुक्तानीका लागि अनुरोध गर्ने।	२०८२/८३ को असार भित्र	
१.६	सम्पतीको विवरणलाई घर बहाल करसँग आवद्ध गरी एकैपटक कर निर्धारण र असुल गर्ने व्यवस्था गर्ने।	२०८२/८३ को असार भित्र	
२.	**भूमिकर/मालपोत**		
२.१	सम्पत्ति कर सम्बन्धी फाराम अनलाइन प्रविधिबाट भर्ने व्यवस्था गर्ने।	२०८२/८३ को असार भित्र	राजस्व उपशाखाको प्रतिवद्धता
२.२	सम्पत्ती कर योग्य जमिनको स्थिति र तस्वीरलाई करदाता नम्बरवाट हेर्न सकिने प्रणालीको व्यवस्था गर्ने डिजिटलाइज्ड)	२०८४ असारभित्र	
२.३	सम्पत्ती करलाई आधारभूत सेवासंग आवद्ध गर्न राजस्व वडा तथा नगर स्तरबाट सेवा लिन आउने नागरिकलाई सम्वन्धित शाखा वा वडाबाट सम्पती कर भुक्तानीका लागि अनुरोध गर्ने।	२०८४ असारभित्र	
२.४	सडकको पहुँच तथा भूमिको उपयोगका आधारमा भूमिको वर्गीकरण र कृषि प्रयोजनका जमीनहरूको मूल्याङ्कन गरी मालपोतको दरमा आवश्यक परिमार्जन गर्ने।	२०८४ असार मसान्तभित्र	नगरसभा
२.५	वडागत रुपमा सम्पूर्ण जग्गाको अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने कम्प्युटराइज्ड गर्ने।	२०८४ असारभित्र	वडाको प्रतिवद्धता
२.६	मालपोत कार्यालयसँगको समन्वयमा घर जग्गा नामसारी पूर्व सम्पती र भूमिकर तिर्नुपर्ने प्रवन्ध गर्ने।	नियमित	राजस्व उपशाखाको प्रतिवद्धता
२.७	भूमि करका करदातालाई कर रकम र कर तिर्ने समयसीमा सहित कर तिर्न आउने सम्वन्धी सूचना टेलीफोन, एसएमएस जस्ता माध्यमबाट उपलब्ध गराउने।	नियमित	राजस्व उपशाखाको प्रतिवद्धता
३.	**घरजग्गा वहाल कर**		
३.१	घर नम्बरिङको माध्यमबाट सम्पत्ती कर र बहाल करका करदाताहरूको तथ्यांक एकै पटक संकलन गर्ने र हरेक वर्ष अद्यावधिक गर्ने।	२०८४ पौष भित्र	नगरपालिकाको प्रतिवद्धता
३.२	सचेतनामूलक अभियान अन्तरगत सडक नाटक, एफ एम रेडियो तथा स्थानीय टिभी च्यानल मार्फत सूचना सम्प्रेषण गर्ने।	नियमित	राजस्व उपशाखाको प्रतिवद्धता
३.३	बसोवासको प्रकृति, आर्थिक, सामाजिक ग्रामीण तथा शहरी क्षेत्र आदिका आधारमा वहालकरको न्यूनतम दर आर्थिक ऐनमा व्यवस्था गर्ने।	नियमित	
४.	**साना सवारी साधन कर**		

क्र.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
४.१	संचालनमा रहेका साना सवारीका साधनहरू (टेम्पो, अटो रिक्सा, पावर टिलर ठेला गाडी, आदी)को विवरण अध्यावधिक गर्ने।	नियमित	राजस्व उपशाखाको प्रतिवद्धता
४.२	सम्वन्धित समितिसँगको सहकार्यमा करयोग्य साना सवारी साधनहरुलाई करदाता परिचय सहितको पासबुक प्रदान गर्ने।	२०८४ असार भित्र	
४.३	संचालनमा रहेका साना सवारीका साधनहरूलाई करको दायरामा ल्याउन प्रचारप्रसार तथा सूचनाहरू सम्प्रेषण गर्ने।	नियमित	
४.४	इन्जिनको क्षमता र सम्वन्धित इन्जिन बनेको मितिका आधारमा दररेट कायम गर्ने मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने।	नियमित	
५.	**मनोरञ्जन कर**		
५.१	नगरपालिका भित्र संचालनमा रहेका मनोरञ्जन स्थल र तीनमा राखिएका मनोरञ्जन सामग्रीको विवरण सहितको अभिलेख तयार गर्ने। -	नियमित	राजस्व उपशाखाको प्रतिवद्धता
५.२	मनोरंजनसंग सम्बन्धित सामाग्रीहरूको प्रकृती र नियमितताको आधारमा दर रेट निर्धारण गरी लागु गर्ने।	नियमित	
५.३	कार्यपालिकाबाट सामान्य विधी र प्रक्रिया निर्धारण गरी मनोरंजन स्थल र सामग्री उपयोग र व्यवस्थापनमा टोल विकास संस्थासँग सहकार्य गर्ने।	नियमित	
५.४	मनोरञ्जन कर संकलन र भुक्तानीको विधि सहित सम्वन्धित व्यवसायीलाई पत्राचार गर्ने।	नियमित	
६.	**ब्यावसाय कर**		
६.१	उद्योग वाणिज्य संघसँगको समन्वय र सहकार्यमा वडागत रुपमा संचालनमा रहेका व्यवसायहरूको विवरण संकलन गर्ने र सबै व्यवसायको करदाता संकेत सहित कम्प्युटराइज्ड गर्ने।	नियमित	स्थानीय राजस्व परामर्श समितिको निर्णय
६.२	अनलाइन प्रविधिबाट व्यवसाय कर तिर्न सकिने प्रणालीको विकास गर्ने।	२०८३ पौषमसान्त भित्र	
६.३	कर छुट तथा सहुलियतको विद्यमान व्यवस्थामा परिवर्तन गरी स्थानीय रोजगारी सृजना, वातावरण संरक्षण, स्थानीय कच्चा पदार्थमा आधातिर उद्योग, स्थानीयलाई ५० प्रतिशतभन्दा धेरै रोजगारी दिने उद्योग जस्ता स्थानीय आर्थिक विकासको दृष्टिकोणले प्राथमिकता प्राप्त उद्योग व्यवसायलाई निर्धारित करको दरमा छुटको व्यवस्था गर्ने।	बार्षिक रुपमा	
६.४	निजी क्षेत्रबाट सञ्चालित ट्युसन सेन्टर, संस्थागत विद्यालय लगायत शिक्षा र स्वास्थ्य क्षेत्रका व्यवसायको बेग्लै लगत संकलन गरी व्यवसायको तथ्यांकमा समावेश गर्ने तथा दर्ता हुन बाँकीलाई दर्ता प्रक्रियामा समावेश गराउने।	बार्षिक रुपमा	
६.५	नियमित रुपमा व्यवसाय कर तिर्ने करदातालाई वार्षिक रुपमा सम्मान गर्ने।	बार्षिक रुपमा	
६.६	लगानी, कारोबारको प्रकृति, कारोबारको परिमाणका आधारमा व्यावसाय दर्ता शुल्क, र करको दर पुनरावलोकन गर्ने।	बार्षिक रुपमा	

क्र.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
६.७	टोल विकास संस्थासँगको सहकार्यमा ठेला पसल, घुम्ती पसलहरू र फुटपाथ पसलहरूको विवरण संकलन गर्ने।	नियमित	स्थानीय राजस्व परामर्श समितिको निर्णय र प्रतिवद्धता
६.८	घुम्ती पसल, फुटपाथ व्यवसाय सञ्चालनमा रोक लगाई सबैलाई नगरपालिकाले तोकेको स्थानबाट व्यवसाय गर्ने गरी स्थान निर्धारण गर्ने र सो स्थान उपयोग शुल्क निर्धारण गर्ने तथा वार्षिक रुपमा न्यूनतम व्यवसाय कर संकलन गर्ने।	नियमित	
६.९	तोकिएको स्थानमा व्यवसाय गर्न इच्छुक व्यवसायहरूको व्यवसायको प्रकृतिका आधारमा वर्गीकरण गरी करदाता संकेत वा नम्बर प्रदान गर्ने।	नियमित	
६.१०	स्थान उपयोग शुल्क तथा व्यवसाय करबारे अनौपचारिक व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई सचेतना कक्षा सञ्चलान गर्ने।	नियमित	
६.११	सबै उद्योग व्यवसायलाई व्यवसाय कर दाखिलाको विवरण समेत खुल्ने गरी परिचय पत्र (पासबकु) उपलब्ध गराउने।	२०८३ पौष मसान्तभित्र	
६.१२	कर सहभागिता अभिबृद्धिका लागि कर संकलन अभियान, कर सिविर तथा कर सप्ताह आयोजना गर्ने।	नियमित	
७.	**कवाडी कर**		
७.१	वडागत रुपमा कवाडीको परिमाण अनुमान गर्ने र नगरपालिकामा कुल कवाडी परिमाण निर्धारण गर्ने।	नियमित	वडा कार्यालय
७.२	प्राविधिक स्टीमेटका आधारमा स्टीमेट बमोजिम ठेक्का प्रकृयाबाट कवाडी कर संकलन गर्ने।	नियमित	राजस्व उपशाखा र लेखाशाखाको प्रतिवद्धता
८.	**विज्ञापन कर**		
८.१	विज्ञापन सम्वन्धी विद्यमान स्थानीय कानुन तथा मापदण्ड प्रतिकुल रहेका विज्ञापन सामग्री तथा होर्डिङ बोर्ड हटाउने।	नियमित	राजस्व उपशाखा र लेखाशाखाको प्रतिवद्धता
८.२	विज्ञापन सामग्रीको बर्गीकरण, आकार तथा अन्य मापदण्डको पुनरावलोकन गरी आवश्यक सुधार गर्ने।	नियमित	
८.३	विज्ञापन मापदण्ड अनुसारको विज्ञापन सामग्री तथा विज्ञापन राख्न सकिने स्थान तथा डिजिजटल बोर्डको तथ्यांक सहित विज्ञापन कर आयको अनुमान गर्ने ।	नियमित	
८.४	आय स्टीमेटका आधारमा विज्ञापन कर संकलनका लागि आय ठेक्का मार्फत विज्ञापन कर संकलन गर्ने।	नियमित	
९.	**जडिबुटी, कवाडी र जीवजन्तु कर**		
९.१	जडिबुटी, कवाडी र जीवजन्तु कर व्यवस्थापन कार्यविधि तर्जुमा गर्ने	२०८४ असारभित्र	स्थानीय राजस्व परामर्म समितिको प्रतिवद्धता
९.२	नगरपालिका क्षेत्रमा उत्पादन वा कारोबार हुने जडिबुटी, पशुपंक्षी तथा सम्बद्ध कवाडी करको आधार, दायरा, मूल्याङ्कन गर्ने।	नियमित	

क.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
९.३	जडिबुटी तथा पशुजन्य कारोबारको सूची बनाई छिमेकी स्थानीय सरकारहरूसँगको समन्वयमा उत्पादन तथा कारोबार रकम र परिमाणमा आधारित करको दर निर्धारण गर्ने।	नियमित	

५.१.२ गैरकर राजस्व सुधार योजना

गैरकर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम राजस्वका दर र दायरा बृद्धि गर्न नगरपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी सहमति कायम गरिएको छ।

तालिका १३: गैरकर राजस्व सुधार कार्ययोजना

क.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
१.	**वहाल बिटौरी**		
१.१	सार्वजनिक, ऐलानी तथा पर्ति जग्गाहरूको पहिचान र लगत संकलन गर्ने तथा घेराबार वा पोल गाडेर संरक्षण गर्ने।	२०८५ असारभित्र	नगर कार्यपालिकाको प्राथमिकता
१.२	जग्गाधनी प्रमाणपत्र विना सार्वजनिक, ऐलानी वा पर्ती जग्गामा निर्माण भएका घर तथा संरचनाको लगत संकलन गर्ने।	२०८३ असारभित्र	
१.३	यी संरचना निर्माण नगर्ने गरी सार्वजनिक, ऐलानी र पर्ती जग्गाको उपयोग सम्वन्धी कार्यविधि निर्माण गर्ने र उपरोक्त जग्गा उपयोग बापत निर्धारित दर रेटका आधारमा बहाल बिटौरी शुल्क लिने।	२०८३ असारभित्र	
१.४	सरकारी भवन तथा जग्गा भाडामा लिएर आर्थिक गतिविधीमा संलग्न भएका हरूबाट बोल कबोल विधीबाट नयाँ भाडा दर निर्धारण गरी संकलन गर्ने	नियमित	
२.	**पार्किङ्ग शुल्क**		
२.१	पार्किङ्गका स्थलका लागि उपयुक्त सार्वजनिक जग्गा पहिचान गर्ने तथा त्यस्ता क्षेत्रमा रहेका घर टहरा लगायत संरचना हटाउने।	२०८५ असारभित्र	नगर कार्यपालिकाको प्राथमिकता
२.२	कम्तिमा आगामी ३०—५० वर्षको ट्राफिक वृद्धिको अवस्था प्रक्षेपण गरी पार्किङ्ग स्थलहरू यकीन गर्ने।	२०८५ असारभित्र	
२.३	ठेक्का प्रक्रियाबाट पार्कीङ शुल्क संकलन गर्ने।	नियमित	
२.४	निर्धारित स्थलमा मात्र पार्किङ गर्न सार्वजनिक सूचना जारी गर्ने र जथाभवी पार्किङ्ग गरको पाइएमा ट्राफिक प्रहरी कार्यालयसँगको सहकार्यमा जरीवना उठाउने।	नियमित	
३.	**व्यवसाय दर्ता तथा नवीकरण शुल्क**		
३.१	उद्योग वाणिज्य संघसँगको सहकार्यमा व्यवसाय दर्ता अभियान संचालन गरी कर तिर्न प्रोत्साहन गर्ने।	२०८४ असारभित्र	

क्र.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
३.२	नयाँ दर्ता तथा नवीकरणका लागि घर दैलो अभियान तथा तथा शिविरहरू सञ्चालन गर्ने।	नियमित	राजस्व उपशाखाको प्राथमिकता
३.३	व्यवसायको वर्गीकरण गरी उद्योग व्यवसायको प्रकृति र पुँजी लगानीका आधारमा व्यवसाय दर्ता तथा नवीकरण शुल्क निर्धारण गर्ने ।	नियमित	
३.४	कम्पनी रजिष्ट्रार र घरेलु तथा साना उद्योग कार्यालयसँग समन्वय गरी सवै कारका व्यावसायहरू नगरपालिकामा अनिवार्य दर्ता गर्नका लागि संस्थागत समन्वय गर्ने।	नियमित	
३.५	वडामा ठेगाना राखेर संचालन भएका दर्ता भएका र दर्ता हनु बांकी सवै व्यावसायहरूको विवरण सम्बन्धित वडाले संकलन गर्ने (व्यवसाय कर अन्तर्गतको कार्यसँग एकसाथ)	नियमित	
४.	**ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य पदार्थको बिक्री**		
४.१	विगत बर्षमा प्रारम्भिक वातावरणीय परीक्षण गरिसकिएका तथा तथा अन्य अतिरिक्त सम्भाव्य क्षेत्रहरूको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने।	नियमित	लेखा, राजस्व र प्राविधिक शाखाको प्रतिवद्धता
४.२	प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने।	नियमित	
४.३	विक्री योग्य ढुंगा, गिट्टी बालुवा, माटोको प्रचलित मुल्यका आधारमा आय स्टीमेट तयार गर्ने।	नियमित	
४.४	स्टीमेटका आधारमा प्रतिस्पर्धात्मक रुपमा आय ठेक्का लगाउने र राजस्व संकलन गर्ने।	नियमित	
४.५	नयाँ क्षेत्रबाट वा नयाँ किसिमका प्राकृतिक स्रोतको विक्रीका लागि आर्थिक ऐन तथा कार्यविधिमा स्पष्ट व्यवस्था गर्ने।	नियमित	
४.६	प्राकृतिक स्रोत उत्खनन् गर्दा निर्धारित मापदण्ड पालना भए वा नभएको अनुगमन गर्ने।	नियमित	
५.	**नक्सापास दस्तुर**		
५.१	पूराना भवन तथा संरचनाहरूको अभिलेखिकरण गर्नका निम्ती सूचना जारी अभिलेखनको लागि आव्हान गर्ने।	नियमित	पूर्वाधार शाखाको पहल
५.२	सम्पत्ती कर, घरबहाल कर र नक्सापास विच अन्तरआवद्वता कायम गर्ने।	नियमित	पूर्वाधार शाखाको पहल
५.३	भवनहरूलाई आवासीय, व्यवसायिक तथा औद्योगिक गरी वर्गीकरण गर्ने।	नियमित	नगर कार्यपालिका
५.४	वर्गीकरण अनुसार दर निर्धारणका लागि आर्थिक ऐन संशोधन गर्ने।	नियमित	नगरसभा
६.	**सेवा शुल्क**		
६.१	सेवा शुल्क लिन सकिने क्षेत्रहरू अतिथि गृह, सभाहल, औद्योगिक क्षेत्र, बसपार्क, हाटबजार तथा सार्वजनिक जग्गाको लिज, सार्वजनिक शौचालय लगायत) पहिचान र सुचीकरण गर्ने।	नियमित	योजना शाखासँगको सहकार्य

क.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
६.२	उपलब्ध पूर्वाधारबाट संकलन गर्न सकिने सेवा कुल सेवा शुल्क स्टीमेट गरी बेग्लाबेग्लै आय टेण्डर आव्हान गरी बहुबर्षीय ठेक्का माफर्त राजस्व संकलन गर्ने।	नियमित	
६.३	पहिचान भएका आयोजना मध्ये स्वलगानीमा सञ्चालन गर्ने आयोजनाहरूको संभाव्यता अध्ययन गर्ने।		योजना शाखासँगको सहकार्य
६.४	सार्वजनिक निजी साझेदारीमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरी कार्यान्वयन प्रकृया अघि बढाउने।	नियमित	
७.	**सिफारिश तथा प्रमाणित दस्तुर**		
७.१	मुद्रास्फितीको दरलाई आधार बनाई दरमा समसायिक परिमार्जन गर्ने तथा अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकका लागि सिफारिस तथा प्रमाणीत दस्तुर छुटको व्यवस्था गर्ने।	नियमित	राजस्व परामर्श समितिको सक्रियता
८.	**व्यवसाय रजिष्ट्रेसन दस्तुर**		
८.१	नगरपालिकामा दर्ता गरी सञ्चालन गर्नुपर्ने संघसंस्था तथा व्यवसायहरूको विवरण संकलन गर्ने एवम लगत अद्यावधिक गर्ने।	नियमित	राजस्व उपशाखाको प्रतिवद्धता
८.२	व्यवसाय तथा संघ संस्थाको आर्थिक कारोवार र पूँजी लगानीका आधारमा रजिष्ट्रेशन शुल्क संकलन गर्ने व्यवस्था आर्थिक ऐनम उल्लेख गरी कार्यान्वयन गर्ने।	नियमित	
९.	**पर्यटन सेवा शुल्क**		
९.१	निजी क्षेत्रसँगको सहकार्यमा पर्यटकीय स्थलहरूको संजाल निर्धारण गर्ने।	२०८३ पौष मसान्तभित्र	राजस्व परामर्म समितिको प्रतिवद्धता
९.२	निजी क्षेत्रसँगको सहकार्यमा सम्वन्धित पर्यटकीय गन्तव्य लक्षित पूर्वाधार विकासको कार्य अघि बढाउने।		
९.३	प्रवेश शुल्क लिन सकिने पर्यटकीय स्थल तथा गन्तव्यको सुची, शुल्क रकम र अनुमानीत पर्यटक संख्याका आधारमा स्टीमेट तयार गरी ठेक्का प्रक्रियाबाट पर्यटन शुल्क उठाउने।	नियमित	
९.४	ऐतिहासिक,धार्मिक, सांस्कृतिक, पर्या पर्यटन स्थलहरू र ती क्षेत्रहरूको प्रचार प्रसार, विकास गरी सेवाहरूको व्यवस्थापन गरी पर्यटन शुल्क लगाउने।	नियमित	
१०.	**वन पैदावार**		
१०.१	सामुदायिक वन उपभोक्ता समितिहरू र वन डिभिजन कार्यालयहरू संग बन ऐनको प्रावाधानका बारेमा अन्तरक्रिया गर्ने।	नियमित	राजस्व परामर्म समितिको प्रतिवद्धता
१०.२	सामुदायिक वन तथा वनपैदावार बिक्री सम्बन्धी तथ्यांक संकलन र नियमित अद्यावधिक गर्ने।	नियमित	
१०.३	आर्थिक ऐनमा व्यवस्था गरी सामुदायिक वनको वन पैदावार बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित शीर्षकमा दाखिला गरी नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्ने ।	नियमित	
१०.४	सामुदायिक बन संरक्षण, विकास र सुधारका लागि नगरपालिकाको तर्फबाट सम्वन्धित बन उपभोक्ता समितिलाई सहयोग गर्ने ।	नियमित	

क्र.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
११	**स्थानीय खानेपानी महशुल**		
११.१	खानेपानी सेवाको पहुँच, स्वच्छता, भौतिक पूर्वाधारको विवरणहरू संकलन गर्ने।	नियमित	राजस्व उपशाखाको क्रियाशिलता
११.२	खानेपानीको समस्या रहेको वडाहरूमा नगर स्तरीय खानेपानी सेवा प्रवाह गराउने र न्यूनतम महशुल निर्धारण गरी संकलन गर्ने लिने।	नियमित	राजस्व परामर्श समितिको भूमिका
११.३	खानेपानी तथा सरसफाई आयोजनाहरूको सञ्चालन/व्यवस्थापन विधि सम्बन्धमा सम्बन्धित उपभोक्ता समितिहरूसँग छलफल गरी नगरपालिका सँगको अपनत्व कायम गर्ने।	नियमित	

५.१.३ राजस्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउने उपायका सम्वन्धमा विभिन्न चरणमा भएका सहभागितामूलक छलफल का क्रममा प्राप्त सुझाव र स्थलगत अवलोकनका आधारमा राजस्व प्रशासन सुधार योजना तर्जुमा गरी तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १४: राजस्व प्रशासन सुधार कार्ययोजना

क्र.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
१.	**ऐन, कानून तथा नीतिगत व्यवस्था**		
१.१	राजस्व ऐन मार्फत राजस्व संकलन, व्यवस्थापन र नियमनको कार्यलाई व्यवस्थित गर्ने।	नियमित	राजस्व परामर्श समितिको प्रतिवद्धता
१.२	उपलब्ध तथ्यांक र थप अध्ययन गरी व्यवसाय कर र घरभाडा करलाई क्रमशः पुँजी लगानी र आम्दानीमा आधारित बनाउने तथा प्राथमिकता प्राप्त उद्योग व्यवसायलाई कर छुट दिने प्रावधान सहित आर्थिक ऐन जारी गर्ने।	नियमित	
१.३	वार्षिक आर्थिक ऐनको पुनरावलोकन गर्ने र व्यवहारिक नदेखिएका प्रावधानहरूलाई वार्षिक रुपमा परिमार्जन गर्दै लैजाने।	नियमित	
१.४	राजस्व सुधार कार्ययोजना कार्यान्वयनको वार्षिक समिक्षा गर्ने।	नियमित	
२.	**संस्थागत प्रवन्ध र क्षमता विकास**		
२.१	राजस्व उपशाखामा कार्यरत कर्मचारीहरुलाई लिखित रुपमा स्पष्ट कार्यजिम्मेवारी दिने।	२०८२ असार मसान्तभित्र	प्रमुख प्रशासकीय अधिकृतको सक्रियता
२.२	राजस्व उपशाखा तथा वडाहरूमा राजस्व संकलनमा संलग्न कर्मचारी तथा राजस्व परामर्श समिति सदस्यहरूका स्थानीय राजस्वको सैद्धान्तिक र व्यवहारिक पक्ष सम्बन्धी तालिम दिने।	नियमित	बजेटको उपलब्धता

क्र.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
२.३	राजस्व तथा आर्थिक प्रशासनका कर्मचारीका लागि एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण तथा राजस्वको अभिलेखीकरण, सफ्टवेयर सञ्चालन र वित्तीय र आर्थिक तथ्यांक विश्लेषण तालिम दिने।	नियमित	
२.४	राजस्व संकलन, प्रवर्द्धर्न, नियमन र प्रशासनको समग्र कार्यको चापका आधारमा नगरपालिका र केही वडामा थप जनशक्तिव्यवस्थापन गर्ने।	नियमित	
२.५	सम्पती कर, भूमिकर, घरभाडा कर र व्यवसाय करको बक्यौता एकसाथ हेर्न र एकद्वार प्रणालीबाट तिर्नसक्ने गरी राजस्व भुक्तानीको अनलाई प्रणाली विकास र कार्यान्वयन गर्ने।	नियमित	
३.	**करदातामैत्री भौतिक संरचना र पूर्वाधार**		
३.१	टेलिभिजन सहितको करदाता तथा सेवाग्राही विश्राम स्थलको व्यवस्था तथा शुद्ध खानेपानी, शौचालय, प्रतिक्षालय, चमेनागृहको प्रवन्ध गर्ने।	नियमित	बजेटको उपलब्धता
३.२	करदाता र सेवाग्राहीलाई टोकन प्रणालीका आधारमा गरी पहिले आउनेलाई पहिलो सेवा दिने अभ्यास सुरु गर्ने।	नियमित	राजस्व उपशाखाको प्रतिवद्धता
३.३	करदाताले शिर्षकगत रुपमा कर बक्यौता अग्रिम रुपमा जानकारी पाउन सक्ने प्रवन्ध गर्ने।	नियमित	
३.४	सबै किसिमका कर डिजिटल भुक्तानी प्रणालीबाट भुक्तानी गर्न सक्ने व्यवस्था गर्ने।	नियमित	
४.	**करदाताको अभिलेख**		
४.१	करदाता संकेत वा नम्बर सहित सबै प्रकारका करदाताको डिजिटल अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने (कर राजस्व सुधार कार्ययोजनाको अभिन्न भाग)	२०८३ असार मसान्तभिध	नगरकार्यपालिकाको प्रतिवद्धता
५.	**राजस्व असुलीमा पारदर्शिता तथा जवाफदेहिता**		
५.१	कर तथा राजस्वका दर सहितको नागरिक वडापत्रको व्यवस्था गर्ने।	नियमित	राजस्व उपशाखाको क्रियाशिलता
५.२	राजस्व संकलन र खर्चको अवस्था सम्वन्धी सूचना मासिक रुपमा वेभसाइटबाट सार्वजनिक गर्ने।	नियमित	
६.	**राजस्व असुली रणनीति**		
६.१	विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि जानकारी एवम चेतनामूलक प्रचार प्रसार गर्ने।	नियमित	राजस्व उपशाखाको क्रियाशिलता
६.२	करदातालाई तिर्न पर्ने कर रकमबारे एसएमएस लगायतका अन्य विद्युतीय माध्यमबाट जानकारी गराउने।	नियमित	
६.३	कर नीतिमा दण्डात्मक र उत्प्रेरणामूलक दुवै सिद्धान्तको सन्तुलित प्रयोग गर्ने। जस्तै, ढिलो कर तिर्नेलाई विलम्ब शुल्क लगायत दण्डको व्यवस्था र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कारको व्यवस्था गर्ने।	नियमित	नगरकार्यपालिकाको नीतिगत निर्णय
६.४	नगर र वडाका कर्मचारी सहितको टोली परिचालन गरी कर संकलन अभियान सञ्चालन गर्ने।	नियमित	राजस्व उपशाखाको क्रियाशिलता
७.	**राजस्व चुहावट नियन्त्रण**		

क्र.स.	सुधारका लागि गरिने क्रियाकलापहरु	समयावधी	अपेक्षित जोखिम तथा अनुमान
७.१	राजस्व संकलनको समिक्षा तथा अनुगमन प्रतिवेदनका आधारमा राजस्व चुहावट भए नभएको एकीन गर्ने र चुहावट भएकोमा जरिवाना सहित असुल गर्ने।	नियमित	स्थानीय राजस्व परामर्श समितिको सक्रियता
८.	**अनुगमन मूल्यांकन**		
८.१	राजस्व संकलनको लक्ष्य र उपलब्धीको मासिक समिक्षा गर्ने।	मासिक रुपमा	स्थानीय राजस्व परामर्श समितिको प्रतिवद्धता
८.२	राजस्व सुधार कार्ययोजना कार्यान्वयनको वार्षिक समिक्षा गर्ने।	बार्षिक रुपमा	
८.३	भाडामा लगाइएका तथा ठेक्का प्रकृयाबाट राजस्व संकलन गरिएका पूर्वाधार तथा सेवा क्षेत्रको नियमित अनुगमन गर्ने।	नियमित	
९.	**आन्तरिक लेखापरीक्षण तथा बेरुजु फछ्यौंट**		
९.१	चालु आ.व.मा भए गरेको कर असुलीको आन्तरिक लेखापरीक्षण गरी देखिएका सैद्धान्तिक र लगती बेरुजू फछ्यौंटको कार्य अघि बढाउने।	नियमित	राजस्व उपशाखा र आन्तरिक लेखापरीक्षण शाखाको समन्वय र सहकार्य
९.२	महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका राजस्व सम्वन्धी सैद्धान्तिक र लगानी बेरुजुको अध्ययन गरी फछ्यौंटको कार्य अघि बढाउने।	नियमित	

माथि उल्लेख गरिएका सुधार कार्ययोजनाको कार्यान्वयनका निम्ति नगरपालिकाले आन्तरिक स्रोत तर्फबाट वजेट विनियोजन गर्नु पर्ने हुन्छ। नगरपालिकाले पूर्ण अपनत्वका साथ आवश्यक वजेटको व्यवस्था गरी कार्ययोजना कार्यान्वनलाई प्राथमिकतामा राखेमा राजस्वका दायरा विस्तारित हुदै राजस्व बृद्धि हुन सहयोग पुग्दछ।

परिच्छेद ६: आगामी तीन वर्षको राजस्व प्रक्षेपण

मुलतः विगत दुई वर्षको आय तथा नगरपालिकाको राजस्व अधिकार र हालको आय संकलन अवस्थाको आधारमा यस परिच्छेदमा नगरपालिकाको आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ।यसले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०८२/८३ देखि २०८४/८५) को लागि आय प्रक्षेपण गरिएकोछ।यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। धेरैजसो शिर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरी केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ।

६.२ नगरपालिकाको अगामी तीन आर्थिक वर्षको आन्तरिक आय प्रक्षेपण

आय शिर्षकहरू अनुसारको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपणको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १५: आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

क्र.स.	राजश्व संकेत	आम्दानी शीर्षक	आ.व. २०८०/८१ को यथार्थ	आ.व. २०८१/८२ को यथार्थ	आ.व. २०८२/८३ को अनुमान	आ.व. २०८२/८३ को पौष २९ गतेसम्मको प्रगति	राजस्व प्रक्षेपण			३ वर्ष को जम्मा
							आ.व. २०८३/२०८४	आ.व. २०८४/२०८५	आ.व. २०८५/२०८६	
क. कर राजस्व			**५७८९१**	**७७३२७**	**२६२५००**	**४५०२०**	**९२७९३**	**१११३५१**	**१३३६२२**	**३३७७६६**
१	११३१३	सम्पति कर	९०९५	९३०२	२५०००	२७७३	१११६३	१३३९५	१६०७४	४०६३३
२	११३१४	भुमिकर/मालपोत	९१४७	१०८९९	२२५००	११७५८	१३०७८	१५६९४	१८८३३	४७६०५
३	११३२१	घरवहाल कर	३०७१४	३६१३६	१२७०००	१६५७५	४३३६३	५२०३६	६२४४३	१५७८४२
४	११४५१	सवारी साधन कर (साना सवारी)	१०६७	२७१७	५०००	७१६	३२६१	३९१३	४६९६	११८६९
५	११४७२	विज्ञापन कर	२४३६	२३६४			२८३६	३४०३	४०८४	१०३२४
६	११४७३	अन्य मनोरन्जन कर	११	०			०	०	०	०
७	३३३४२	मनोरन्जन कर	६६२	१५१५		८४१	१८१८	२१८२	२६१८	६६१८
८	११६११	व्यवसायले भुक्तानी गर्ने	३८	१५			१८	२२	२६	६६
९	१४६११	व्यवसाय कर	४१७४	११७८२	७००००	८९७८	१४१३८	१६९६६	२०३५९	५१४६३
१०	११६३१	कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर	४	१		०	१	२	२	५
११	११६३२	अखेटोपहारमा लाग्ने कर	१८५	४३०	१२५००	३३७१	५१५	६१९	७४२	१८७६
१२	११६९१	अन्य कर	३५८	२१६७	५००	८	२६००	३१२१	३७४५	९४६६
ख. गैरकर राजस्व			**९१३८०**	**१२९८२२**	**२७५२५०**	**३३७९९**	**१६४८७४**	**२०९३९०**	**२६५९२५**	**६४०१८८**

क्र.स.	राजश्व संकेत	आम्दानी शीर्षक	आ.व. २०८०/८१ को यथार्थ	आ.व. २०८१/८२ को यथार्थ	आ.व. २०८२/८३ को अनुमान	आ.व. २०८२/८३ को पौष २९ गतेसम्मको प्रगति	राजस्व प्रक्षेपण			३ वर्ष को जम्मा
							आ.व. २०८३/२०८४	आ.व. २०८४/२०८५	आ.व. २०८५/२०८६	
१	१४१५१	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	४३	२१	१००००	५०	२६	३३	४२	१०२
२	१४२१२	सरकारी सम्पतिको विक्रिवाट प्राप्त आय	८	०	५५०	४	०	०	०	०
३	१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	१४७६	१६	१५००		२०	२६	३३	७९
४	१४२१६	निजी धारा वापतको शुल्क	३६	१			१	२	२	५
५	१४२१८	विद्युत सेवा शुल्क	२५३	२			२	२	३	७
६	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	४९२८	११४२२	४०००	३८५३	१४५०६	१८४२२	२३३९६	५६३२३
७	१४२२१	न्यायिक दस्तुर	६	०	५००	१	०	०	०	१
८	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	१६२०	२४६४	५०००	६४७	३१२९	३९७४	५०४७	१२१४९
९	१४२२४	परीक्षा शुल्क	३३९	३३९	१०००	११८	४३०	५४६	६९३	१६६९
१०	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	११४३	२४३०	१०००	१७७४	३०८६	३९२०	४९७८	११९८४
११	१४१५७	दहत्तर वहत्तर (ढुगा गिट्टी वालुवा)	१४६८४	४७४७१		२५	६०२८८	७६५६६	९७२३९	२३४०९२
१२	१४१९१	पर्यटन शुल्क	०	०	३५००		०	०	०	०
१३	१४२४१	पार्किङ्ग शुल्क	०	०	३०००		०	०	०	०
१४	१४२४२	नक्सापास दस्तुर	२८०९५	१७५२५	७५०००	७७७२	२२२५७	२८२६६	३५८९८	८६४२२
१५	१४२४३	सिफारिस दस्तुर	१९७४८	२२९९३	४५०००	९४६४	२९२०१	३७०८५	४७०९८	११३३८५
१६	१४२४४	व्यक्तिगत घटना दर्ता	१२६४	१२३८	१८००	६१७	१५७२	१९९६	२५३५	६१०२
१७	१४२४५	नाता प्रमाणित दस्तुर	४४९	४९	१०००	६	६२	७९	१००	२४२
१८	१४२४९	अन्य दस्तुर	२१३४	१७२९	२७५००	९८१	२१९६	२७८९	३५४२	८५२८
१९	१४२५३	व्यवसाय रजिष्ट्रेशन दस्तुर	३३४८	५४२५	१२०००	१०५२	६८९०	८७५०	१११११३	२६७५३
२०	१४२५४	रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	१	४०	१००	३	५१	६५	८३	१९९
२१	१४२६२	विद्युत सम्बन्धी दस्तुर	१२५	१	२००		१	१	१	२

क्र.स.	राजश्व संकेत	आम्दानी शीर्षक	आ.व. २०८०/८१ को यथार्थ	आ.व. २०८१/८२ को यथार्थ	आ.व. २०८२/८३ को अनुमान	आ.व. २०८२/८३ को पौष २९ गतेसम्मको प्रगति	राजस्व प्रक्षेपण			३ वर्ष को जम्मा
							आ.व. २०८३/२०८४	आ.व. २०८४/२०८५	आ.व. २०८५/२०८६	
२२	१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर	२५	७३९		३०	९३८	११९१	१५१३	३६४२
२३	१४२६५	अन्य क्षेत्रको आय	१	०	१००		०	०	०	०
२४	१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	०	१३			१६	२०	२६	६२
२५	१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	८७४	१२०५	७५००	४०६	१५३१	१९४४	२४६९	५९४३
२६	११३२२	वहाल विटौरी शुल्क	१०४७३	११९३६	५००००	४८७०	१४१४२	१७९६१	२२८१०	५४९१४
२७	१४५२१	प्रदुषण नियन्त्रण शुल्क	४३	०						०
२८	१४५११	वीमा दावी प्राप्ति			२५०००		०	०	०	०
२९	१४५२९	अन्य राजस्व	०	२८४९		१७६०	३६१८	४५९५	५८३६	१४०४९
३०	१५१११	बेरुजू आम्दानी	२६४	७१६		११५	९१०	११५६	१४६८	३५३३
३१	१५११३	अनुदान फिर्ता				२५१	०	०	०	०
(क.+ख.) कर तथा गैरकर राजस्वको जम्मा			**१४९२७२**	**२०७१४९**	**५३७७५०**	**७८८१९**	**२५७६६६**	**३२०७४१**	**३९९५४६**	**९७७९५४**
ग. प्रदेश र स्थानीय तहवीचको बाँडफाँट			**८१६६७**	**१०८३८१**	**१४९९९९**	**१३९८९**	**१४९९९९**	**१३९८९**	**१४९९९९**	**३१३९८७**
१	११३१५	बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन शुल्क	७८४०४	९९९५१	१४५१९६	१३२०६	१५९७१६	१७५६८७	१९३२५६	५२८६५९
२	११४५६	बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	३२६३	८४३०	४८०३	७८३	५२८३	५८१२	६३९३	१७४८८
घ. संघ र स्थानीय तहवीचको बाँडफाँट			**१७९६३१**	**१५२९३३**	**२०५७९२**	**२८१२८**	**२२३७९९**	**२४६१७९**	**२७०७९७**	**७४०७७४**
१	११४११	बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिबृद्धिकर	१७९६३१	१०४४४१	१५४३४४	२८१२८	१६९७७८	१८६७५६	२०५४३२	५६१९६७
२	११४२१	बाँडफाँटबाट प्राप्त हुने अन्तःशुल्क (आन्तरिक)	०	४७८७१	५१४४८		५४०२०	५९४२२	६५३६५	१७८८०८
३	१४१५३	बाँडफाँटबाट प्राप्त हुने वन रोयल्टी	०	६२१			०	०	०	०

क्र.स.	राजश्व संकेत	आम्दानी शीर्षक	आ.व. २०८०/८१ को यथार्थ	आ.व. २०८१/८२ को यथार्थ	आ.व. २०८२/८३ को अनुमान	आ.व. २०८२/८३ को पौष २९ गतेसम्मको प्रगति	राजस्व प्रक्षेपण			३ वर्ष को जम्मा
							आ.व. २०८३/२०८४	आ.व. २०८४/२०८५	आ.व. २०८५/२०८६	
			२६१२९८	२६१३१४	३५५७९१	४२११७	३७३७९८	२६०१६८	४२०७९६	१०५४७६१
ङ. संघ सरकारबाट प्राप्त अनुदान			**१०४३६९६**	**१३१२८५२**	**२२६३२००**	**६००९०५**	**२६३२६८०**	**२९७३०७९**	**३२१७१५७**	**८८२२९१६**
१	१३३११	समानीकरण	२१२८७७	२२१३२५	२४२४००	१२१२००	२७८७६०	३०६६३६	३२१९६८	९०७३६४
२	१३३१२	सशर्त अनुदान चालु	५३८३२०	५६०९१९	५९७८००	३८६३५१	६८७४७०	७९०५९१	८३०१२०	२३०८१८१
३	१३३१३	सशर्त अनुदान पुँजीगत	२९०८९९	५०७३१४	१४००५००	९३३५४	१६१०५७५	१८११५९६	१९९५३००	५४१७४७१
४	१३३१४	विशेष अनुदान चालु	०	०	१६५००		१८९७५	२१८२१	२२९१२	६३७०९
५	१३३१५	विशेष अनुदान पुँजी	०	१३७८७	०		१००००	११५००	१२०७५	३३५७५
६	१३३१६	समपुरक अनुदान चालु	१६००		६०००		६९००	७९३५	८३३२	२३१६७
७	१३३१७	समपुरक अनुदान पुँजीगत		९५०७			२००००	२३०००	२६४५०	६९४५०
च. प्रदेश सरकारबाट प्राप्त अनुदान			**३१९०६२**	**६१९१०६**	**७०९६३३**	**५११९८६**	**६२८४२४**	**१०६०२२२**	**१०९७७००**	**२७८६३४७**
१	१३३११	समानीकरण	२९३२६	२९९१४	३३४५३	८३६३	३८४७१	४२३१८	४४४३४	१२५२२३
२	१३३१२	सशर्त अनुदान चालु	६७४५	१०३३०	७१३६	१७८४	८२०६	९०२७	९४७८	२६७१२
३	१३३१३	सशर्त अनुदान पुँजीगत	२७७९९१	२५९८००	३६९०००	९२२५०	४२४३५०	४२४३५०	४४५५६८	१२९४२६८
४	१३३१४	विशेष अनुदान चालु	०		०		१५०००	१६५००	१७३२५	४८८२५
५	१३३१५	विशेष अनुदान पुँजी	०		०		२००००	२२०००	२४२००	६६२००
६	१३३१६	समपुरक अनुदान चालु	५०००		०		१००००	१००००	११५००	३१५००
७	१३३१७	समपुरक अनुदान पुँजीगत	०	०	०		१००००	१००००	११०००	३१०००
(ङ.+च.) संघ र प्रदेशको जम्मा अनुदान			**१३६२७५८**	**१९३१९५८**	**२९७२८३३**	**१११२८९१**	**३२६११०४**	**४०३३३०१**	**४३१४८५६**	**११६०९२६२**
छ. बैंक मौज्दात					३६२३८२		२७५७९९			२७५७९९
कुल जम्मा			**२०९४०६९**	**२७९९९६८**	**४८४४३२८**	**१२३३८३४**	**४१६८३६८**	**४६१४२१०**	**५१३५१९८**	**१३९१७७७६**

स्रोत: वीरेन्द्रनगर नगरपालिकाको सुत्र सफ्टवेयरबाट प्राप्त विभिन्न आर्थिक वर्षको वित्तीय विवरण।

आगामी तीन आर्थिक वर्षहरूमा संकलन हुन सक्ने राजस्वको कुल प्रक्षेपित आयमा ओगटने हिस्सालाई तालिकामा प्रस्तुत गरिएको छ। जस अनुसार पहिलो वर्ष ४ अर्व १६ करोड ८३ लाख ६८ हजार, दोश्रो वर्ष ४ खर्व ६१ करोड ४२ लाख १० हजार र तेश्रो वर्ष ५ खर्व १३ करोड ५१ लाख ९८ हजार कुल आय संकलन हुने प्रक्षेपण गरिएको छ। तीन वर्षको कुल प्रक्षेपित राजवस्मा आन्तरिक श्रोतको योगदान ७.०३ प्रतिशित, राजस्व बाँडफाँटको योगदान ७.५८ प्रतिशित, अनुदानको हिस्सा ८३.४१ प्रतिशत र बैंक मौज्दातको हिस्सा १.९८ प्रतिशत हुने प्रक्षेपण गरिएको छ।

तालिका १६: श्रोतगत राजस्व प्रक्षेपण संरचना (रकम रु. हजारमा)

आय स्रोतहरु	आ.व. २०८३/२०८४	आ.व. २०८४/२०८५	आ.व. २०८५/२०८६	तीन वर्षको जम्मा	हिस्सा (प्रतिशत)
आन्तरिक श्रोत	**२५७६६६**	**३२०७४१**	**३९९५४६**	**९७७९५४**	**७.०३**
कर राजस्व	९२७९३	१११३५१	१३३६२२	३३७७६६	२.४३
गैरकर राजस्व	१६४८७४	२०९३९०	२६५९२५	६४०१८८	४.६०
राजस्व बाँडफाँट	**३७३७९८**	**२६०१६८**	**४२०७९६**	**१०५४७६१**	**७.५८**
संघीय सरकार	२२३७९९	२४६१७९	२७०७९७	७४०७७४	५.३२
प्रदेश सरकार	१४९९९९	१३९८९	१४९९९९	३१३९८७	२.२६
अनुदान	**३२६११०४**	**४०३३३०१**	**४३१४८५६**	**११६०९२६२**	**८३.४१**
संघीय सरकार	२६३२६८०	२९७३०७९	३२१७१५७	८८२२९१६	६३.३९
प्रदेश सरकार	६२८४२४	१०६०२२२	१०९७७००	२७८६३४७	२०.०२
बैंक मौज्दात	२७५७९९			२७५७९९	१.९८
जम्मा	**४१६८३६८**	**४६१४२१०**	**५१३५१९८**	**१३९१७७७६**	**१००.००**

स्रोत: माथिको तालिका नं. १५।

६.३ कार्ययोजनाको अनुगमन तथा मूल्यांकन

स्थानीय सरकार संचालन ऐनको ब्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिलाई आगामी ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ। त्यसैले हरेक आर्थिक बर्षको बैशाख पहिलो हप्तासम्ममा राजस्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरूको लागि आवश्यक आधार हुनेछ। राजस्व सुधारका नीति, क्रियाकलापहरू तथा वजेट अनुमान पश्चात राजस्व सुधार कार्ययोजना अनुसारका क्रियाकलापहरू संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको क्रियाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षको लागि तय गरिएका क्रियाकलापहरू तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ। यो राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन ब्यवस्था सिफारिश गरिएको छ।

(क) कार्यालय स्तरको अनुगमनः

यो स्तरको अनुगमन तथा मूल्यांकन प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरू मार्फत गरिने व्यवस्था वनाउन सुझाव गरिएको छ। कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरू गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ।

(ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः

राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ। त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्यपूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारको लागि क्रियाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ। यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजस्व सुधार योजनाको समिक्षा गरिन्छ।

(ग) कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः

कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ। छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरिन्छ।

(घ) वाह्य अनुगमन तथा मूल्यांकनः

राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्ने चाहने संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन्। यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ। राजस्व प्रशासनसंग सम्वन्धित तथ्यांक वाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरूको अनुभुति संकलन पनि अनुगमनको मूख्य विधि हुनसक्नेछ।

परिच्छेद ७: निष्कर्ष तथा सुझाव

७.१ निष्कर्षहरू

वीरेन्द्रनगर नगरपालिका प्रदेश राजधानी, प्रमुख प्रवेशद्वार, उच्च जनसंख्या वृद्धि दर तथा सघन व्यावसायिक गतिविधिहरू सञ्चालन हुने, भविष्यमा उपमहानगरपालिकामा स्तरोन्नति हुन सक्ने सम्भावना बोकेको साविकका ५८ नगरपालिकामध्ये एक हो। वि.स. २०३३ मा स्थापना भएको पुरानो नगरपालिका भए तापनि राजस्व व्यवस्थापनका दृष्टिले यो हाल मध्यम स्तरको नगरपालिका रूपमा रहेको छ। यद्यपि यसअघि दुई पटक राजस्व सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन भइसकेको छ।

तर संस्थागत क्षमता विकास, अभिलेख व्यवस्थापन, राजस्व दायरा विस्तार तथा समग्र राजस्व प्रशासनमा अझै व्यापक सुधार आवश्यक देखिन्छ। व्यवसाय दर्ता, सम्पत्ति तथा भूमिकरसम्बन्धी करदाताहरूको अद्यावधिक लगतको अभाव, घर नम्बरिङको कमी, खण्डीकृत तथा अपूरो तथ्यांक, साना लगानी तर उल्लेखनीय आर्थिक कारोबार गरिरहेका अनौपचारिक क्षेत्रका व्यवसायहरूलाई करको दायरामा ल्याउन नसक्नु तथा सूचना प्रविधिको सीमित प्रयोगका कारण नगरपालिकाले आफ्नो वास्तविक आय सम्भावनाको पहिचान र उपयोग गर्न सकेको छैन। यसको परिणामस्वरूप आन्तरिक स्रोततर्फको राजस्वमा अपेक्षित वृद्धि हुन सकेको छैन।

यस सन्दर्भमा तत्कालका लागि नगरपालिकाले प्रभावकारी राजस्व संकलनका उद्देश्यले प्राथमिकताका आधारमा ध्यान दिनुपर्ने प्रमुख राजस्व शीर्षकहरू निम्नानुसार रहेका छन्

- सम्पत्ति कर
- व्यवसाय कर
- घर बहाल कर
- बिज्ञापन कर
- बहाल विटौरी कर
- साना सवारी कर (इरिक्सा, अटो, ठेला गाडी) हरूको लगत खडा गरी दर्ता एवम वार्षिक शुल्क लिने
- नगर विकाससंगको समन्वयमा मनोरंजन कर व्यवस्थित गराउने
- कृषि बस्तु तथा सेवाहरूको निकासी पैठारीमा लाग्ने कर
- पूर्वाधार सेवा शुल्क
- अनौपचारिक तवरले संचालनमा रहेका फुटपाथ पसल, ठेला व्यापार र घुम्ती पसलहरूको लगत संकलन गरी करको दायरामा ल्याउने

उपरोक्त क्षेत्रहरूवाट राजस्व संकलन गर्न प्राथमिकताका आधारमा गर्नुपर्ने क्रियाकलापहरू निम्नानुसार छन्:

- राजस्व शाखालाई प्रभावकारी रुपमा काम गर्ने अनुकुल वातावरण सिर्जना गर्ने।
- सम्पत्तिकरलाई वैज्ञानिक र न्यायसंगत रूपमा लागू गर्न आवश्यक तथ्यांकहरूको नियमित अद्यावधिक गर्ने।
- आयात तथा निर्यात हुने कृषि उपजहरूको यथार्थपरक लगत तयार गरी अभिलेख व्यवस्थापन गर्ने।
- वडागत रूपमा भाडामा प्रयोग भइरहेका सार्वजनिक स्थल, घरकौल तथा हाटबजारहरूको विवरण संकलन गरी कार्यविधि बनाई विटौरी करलाई व्यवस्थित गर्ने।

- नगरपालिकाको लगानीमा निर्माण भएका भौतिक संरचनाहरूको अभिलेख राखी तिनबाट सेवा शुल्क संकलन गर्ने व्यवस्था मिलाउने।
- भित्ते लेखन, होर्डिङ बोर्ड तथा फ्लेक्स ब्यानरहरूको लगत तयार गरी ठेक्का प्रणालीमार्फत विज्ञापन कर संकलन गर्ने।
- नगरभित्र सञ्चालनमा रहेका साना सवारी साधनहरूको विवरण संकलन गरी वार्षिक रूपमा साना सवारी कर उठाउने।
- सबै व्यवसायलाई व्यवसाय करको दायरामा ल्याउन तथा राजस्व सम्भाव्य पूर्वाधार विकास गर्न उद्योग वाणिज्य संघ लगायत निजी क्षेत्रसँग निरन्तर समन्वय र साझेदारी गर्ने।
- विज्ञापन करको आय अनुमान यथार्थपरक तथ्यमा आधारित बनाई ठेक्का प्रक्रियामार्फत संकलन गर्ने।
- साना सवारी कर, मनोरञ्जन कर तथा कवाडी करको संकलन प्रणालीलाई सुदृढ बनाउने।
- सार्वजनिक स्थलहरूको पहिचान गरी प्रदर्शनी तथा कार्यक्रम स्थलको व्यवस्था गर्ने।
- नगरपालिका भित्रका भौतिक संरचना तथा सार्वजनिक जग्गाहरूको संरक्षण गर्दै तिनको उपयोग अधिकार सुनिश्चित गर्ने।

प्रस्तुत राजस्व सुधार कार्ययोजना, यसमा निर्दिष्ट गरिएका क्रियाकलापहरू तथा विगतका आर्थिक वर्षहरूमा भएको आय प्रवाह र राजस्व वृद्धि दरलाई आधार मानी तयार गरिएको हो। सो कार्ययोजना कार्यान्वयन गर्न अपनाइने मूलभूत मान्यताहरू निम्नानुसार रहेका छन्।

- ✓ राजस्वसम्बन्धी ऐन, नियमावली तथा कार्यविधिहरू तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ।
- ✓ कार्ययोजनाले पहिचान गरेका सम्भाव्य राजस्वका क्षेत्रहरूलाई विस्तार गर्दै नगरपालिकाको राजस्व दायरा क्रमशः फराकिलो बनाइनेछ।
- ✓ राजस्व परामर्श समिति, कार्यदल तथा राजस्व प्रशासन राजस्व सुधारका लागि नवप्रवर्तनशील र परिणाममुखी गतिविधिहरूमा सक्रिय रहनेछन्।
- ✓ निजी क्षेत्रसँग निरन्तर संवाद, सहकार्य र समन्वयमार्फत नगरको आर्थिक गतिविधिहरूलाई प्रवर्द्धन गरिनेछ।
- ✓ नागरिक सेवा प्रवाहमा गुणस्तरीय र संख्यात्मक सुधार भई करदाताहरूको विश्वास अभिवृद्धि हुनेछ।
- ✓ राजस्व सुधार कार्ययोजना कार्यान्वयनसँगै नगरपालिकाको राजस्व प्रशासन प्रणाली थप सुदृढ र प्रभावकारी हुनेछ।
- ✓ राजस्व प्रशासनको सुदृढीकरणसँगै नगरपालिकाको वित्तीय अवस्था क्रमशः सुदृढ बन्दै जानेछ।

७.२ राजस्व सुधारका लागि सुझावहरू

वीरेन्द्रनगर नगरपालिकाको आन्तरिक राजस्व अभिबृद्धिका लागि निम्न सुझावहरू प्रस्ताव गरिएका छन:

१. वडागत रूपमा घरधुरीहरूको विवरण संकलन तथा विश्लेषण गरी सम्पत्ति कर र बहाल करको यथार्थपरक मूल्याङ्कन तथा व्यवस्थापन गर्न सुझाव गरिन्छ। साथै आर्थिक–सामाजिक गतिविधिसम्बन्धी तथ्यांक तयार गरी राजस्वको दायरा विस्तार गर्न राजस्व प्रशासनलाई क्रियाशील बनाउन सुझाव गरिन्छ।

२. ऐलानी तथा पर्ती जग्गाहरूको पहिचान गरी नगरपालिकाको अधिनमा ल्याई विभिन्न प्रयोजनमा उपयोग गरेर आन्तरिक आय आर्जन गर्ने व्यवस्था मिलाउन सुझाव गरिन्छ।

३. लोपोन्मुख जाति तथा आदिवासी समुदायको परम्परा, भेषभूषा, रीतिरिवाज तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन हुने गरी जातीय ग्राम निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न तथा धार्मिक र ऐतिहासिक संरचनाहरूको संरक्षण, प्रवर्द्धन र विकास गरी तिनलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सुझाव गरिन्छ।

४. प्राकृतिक तथा सांस्कृतिक सम्पदायुक्त वनजंगल, तालतलैया, पोखरी, धार्मिक स्थल, गुम्बा, भ्युटावर तथा ऐतिहासिक स्थलहरूलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न समग्र पर्यटन गुरुयोजना तयार गर्न सुझाव गरिन्छ।

५. निजी क्षेत्रसँग साझेदारीमा खेलकुद मैदान, मनोरञ्जन पार्क, पदमार्ग, झोलुङ्गे पुल तथा जलाशयहरूको निर्माण तथा व्यवस्थापन गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्दै मनोरञ्जन कर र व्यवसाय कर संकलन गर्न सुझाव गरिन्छ।

६. उद्योग वाणिज्य संघ लगायत निजी क्षेत्रसँग सहकार्य गर्दै व्यवसाय दर्ता प्रक्रियालाई सहज र प्रभावकारी बनाउने तथा करका दररेटहरूमा आवश्यक परिमार्जन गर्न सुझाव गरिन्छ।

७. सबै वडाहरूमा करदाता शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरी कर चुहावट न्यूनीकरण गर्न सुझाव गरिन्छ।

८. उद्योगी तथा व्यवसायीहरूसँग कर तथा राजस्वसम्बन्धी विषयमा आवधिक परामर्श, छलफल तथा अन्तरक्रिया सञ्चालन गर्न सुझाव गरिन्छ।

९. राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाउँदै छिटो सूचना प्रणाली तथा डिजिटल भुक्तानी प्रणाली लागू गर्न सुझाव गरिन्छ।

१०. कार्यरत जनशक्तिको वृत्तिविकास तथा क्षमता अभिवृद्धि गर्न सुझाव गरिन्छ।

११. राजस्वका सम्भावित स्रोतहरूको खोजी गर्दै तथ्यांक संकलन र नियमित अद्यावधिक गर्न सुझाव गरिन्छ।

१२. बहाल तथा विटौरी करका क्षेत्रहरूको पहिचान गरी ठेक्का प्रणाली निर्धारण र कार्यान्वयन गर्न सुझाव गरिन्छ।

१३. करदाताहरूलाई समयमै कर तथा राजस्व दाखिला गर्न पत्र, एसएमएस तथा विद्युतीय सूचनामार्फत नियमित जानकारी प्रवाह गर्न सुझाव गरिन्छ।

१४. कर चुक्ता नगरेसम्म सेवा सुविधा उपलब्ध नगराउने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सुझाव गरिन्छ।

१५. आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी व्यवसाय कर र बहाल करको असुलीलाई थप प्रभावकारी बनाउन सुझाव गरिन्छ।

१६. नक्सापास प्रक्रियालाई सरलीकृत गर्दै यसलाई राजस्व वृद्धिसँग जोड्न तथा भौगोलिक सूचना प्रणाली र राजस्व शाखाबीच अन्तरसम्बन्ध स्थापना गर्न सुझाव गरिन्छ। साथै नक्सापास, बहाल कर र व्यवसाय करसम्बन्धी विवरणहरूलाई आन्तरिक प्रणालीमा एकीकृत गर्न सुझाव गरिन्छ।

१७. राजस्व शाखाको प्रशासनिक क्षमता अभिवृद्धि गर्दै स्रोत अनुमान समिति, कार्यदल तथा राजस्व परामर्श समितिको कार्यक्षमता सुदृढ गर्न सुझाव गरिन्छ।

१८. खण्डीकृत तथ्यांक, कमजोर अभिलेख प्रणाली तथा मानव संसाधन क्षमताका कमीहरू समाधान गर्न नगरपालिका स्तरीय तथ्यांक, सूचना तथा अभिलेख व्यवस्थापन प्रणाली व्यवस्थित गर्न सुझाव गरिन्छ।

१९. नगरपालिकाद्वारा निर्माण तथा सञ्चालनमा रहेको सिटी बसपार्क सञ्चालनमा देखिएका समस्याहरू समाधान गरी पूर्ण क्षमतामा सिटी वसपार्क सञ्चालनमा ल्याउन सुझाव गरिन्छ।

अनुसूचीहरू

अनुसूची १: प्रारम्भिक कार्यशालाको माइन्यूट



आज मिति २०८१ जेठ २१ गतेका दिन यस बीरेन्द्रनगर नगरपालिकाको राजस्व परामर्श समितिका संयोजक एवं नगर उप-प्रमुख श्री तिलकण्ठ खनाल ज्यूको अध्यक्षता एवं नगर प्रमुख श्री मोहनमाया ढकाल ज्यूको विशेष उपस्थितिमा बीरेन्द्रनगर नगरपालिकाको राजस्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्था र परिमार्जनको क्षेत्र सम्बन्धमा तपसिल बमोजिमको उपस्थितिमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो।

श्री तिलकण्ठ खनाल नगर-उपप्रमुख एवं राजस्व परामर्श समिति
श्री मोहनमाया ढकाल विशेष आमन्त्रित – नगर प्रमुख
श्री दिनेश बहादुर खत्री वडाध्यक्ष वीनपा-१
श्री राम बहादुर [illegible] – वडाध्यक्ष वीनपा-२
श्री विनोद सिंह [illegible] – वडाध्यक्ष वीनपा-३
श्री [illegible] बहादुर [illegible] – वडाध्यक्ष वीनपा-४
श्री लोक बहादुर शाही – वडाध्यक्ष वीनपा-५
श्री जनक बहादुर रावल – वडाध्यक्ष वीनपा-६
श्री [illegible] चपाई – वडाध्यक्ष वीनपा-७
श्री हिक्कराम शर्मा – वडाध्यक्ष वीनपा-८
श्री [illegible] गिरी – वडाध्यक्ष वीनपा-९
श्री [illegible] बहादुर [illegible] – वडाध्यक्ष वीनपा-१०
श्री खेमलाल देवकोटा – वडाध्यक्ष वीनपा-११
श्री चूडामणि चपाई – वडाध्यक्ष वीनपा-१२
श्री रिपेन्द्रराज [illegible] – वडाध्यक्ष वीनपा-१३
श्री देव बहादुर [illegible] – वडाध्यक्ष वीनपा-१४
श्री कृष्ण बहादुर थापा – वडाध्यक्ष वीनपा-१५
श्री [illegible] बहादुर वि.क. वडाध्यक्ष वीनपा-१६
श्री टिका [illegible] – शाखा प्रमुख
श्री नवराज गुरुङ – शाखा प्रमुख
श्री यमुना न्यौपाने – शाखा प्रमुख
श्री सरिता चौधरी – शाखा प्रमुख
श्री [illegible] वि.क. – " – "
श्री लक्ष्मी चौधरी – " – "
श्री [illegible] – प्रमुख प्र.अ.
श्री [illegible] प्र. जैसी – [illegible]



टेक प्रकाश लामिछाने शाखा प्रमुख–प्रशासन/राजस्व
दिपेन्द्र खरेल उद्योग कर्मचारी –
किशोर डडेल – भवन तथा बस्ती विकास उपशाखा
टेक बहादुर विश्वकर्मा १० नं वडा सचिव
विष्णु कुमारी उकाल १२ नं वडा सचिव
सबिता पाण्डे – ११ नं वडा कार्यालय
तरुण [illegible] – १३ नं वडा [illegible]
धीरराज पौडेल लेखा शाखा प्रमुख बी.न.पा.
यज्ञ प्रसाद पाण्डेय प्रमुख विज्ञान प्रविधि
सर्वजित वली वडा सचिव बी.न.पा. वडा नं. १५
कमल बहादुर थापा वडा सचिव बि.न.पा. १६
दिनेश खनाल वडा सचिव बी.न.पा. ६
अंकुर प्रकाश भण्डारी वडा सचिव बी.न.पा. ५
मन्जु कुमारी भण्डारी वडा सचिव बी.न.पा. ८
नव केशर खनाल राजस्व शाखा उपप्रमुख
भूपेन्द्र देव गिरी स्वास्थ्य शाखा
रवीन कुमार शाही क.अ.
[illegible] पौडेल – ए.नं. वडा सचिव
सरस्वती बुढा खड्का
पूर्ण प्रसाद गौतम
[illegible] खड्का १४ नं वडा सचिव
[illegible] गौतम
विष्णु प्रसाद आचार्य
खगिसरा घिमिरे
देव प्रसाद अधिकारी
रूपलाल वैद्य
सरला रुमी – महिला बा.बा. तथा ज्येष्ठ नागरिक शाखा
माधुरी बुढाथोकी
कल्पना शर्मा वडा सचिव – बी.न.पा.
[illegible] केसी शाखा प्र. कृषि वि. शाखा
प्रविता कुमारी बस्नेत वडा सचिव १ नं. वडा
[illegible] उपाध्याय ३ नं. वडा
उपेन्द्र लामिछाने भवन तथा बस्ती विकास परियोजना [illegible]
धीरराज लामिछाने बी.न.पा. राजस्व
दिया अधिकारी


सीता भण्डारी वीरेन्द्रनगर वडा नं.-६ व्यवसाय कर
इन्द्र प्रसाद अधिकारी वीरेन्द्रनगर नगरपालिका
वडा नं. २ वडा सचिव
रेखा के.सी. - बी.प्रा.शा.-६
अमर बुढा कां.स.
वृष बुढा
विकास थापा
सहजकर्ता
अनिरुद्ध चोपार्ने, कन्सर्टेड, काठमाडौं
मेरिना घिमिरे, सहजकर्ता
गौतम नगर, कन्सर्टेड काठमाडौं
प्रशान्त बाग्मारे सहजकर्ता

अनुसूची २ : निजी क्षेत्रका प्रतिनिधीसँगको अन्तरक्रियाको माइन्यूट

आज मिति २०८१ साल जेठ २२ गतेका दिन यस बाराहनगर नगरपालिकाको राजस्व परामर्श समितिका संयोजक एवं नगर उप-प्रमुख श्री तिलकाठ खनाल ज्यूको अध्यक्षतामा कुनिटेड नेपाल आम्पाडीको सहजिकरणमा राजस्व सुधार कार्ययोजना कार्यान्वयनको अवस्था र परिमार्जनको क्षेत्र सम्बन्धमा निजी क्षेत्र उद्योग व्यवसाय क्षेत्र सँगका तपसिलको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी सुझावहरु संकलन गरियो।

04/06/24

उपस्थिति

- श्री तिलकाठ खनाल नगर-उपप्रमुख एवं राजस्व परामर्श समिति
- श्री हरी ब. चौधरी (लेखा अधिकृत)
- श्री हेम प्रकाश आफिकाने (राजस्व शाखा प्रमुख)
- श्री पुष्पकेशर खनाल (राजस्व उपशाखा प्रमुख)
- श्री खगिसरा घिमिरे (राजस्व शाखा)
- श्री चक्र ब. थापा (उद्योग शाखा)
- श्री दिपा अधिकारी (राजस्व शाखा)
- श्री खेमराज शाही (लेखा शाखा)
- श्री अमर बढा (का०स) अमर
- श्री लक्ष्मण बडेल (अध्यक्ष, उ.वा. संघ सुनसरी)
- श्री भद्र भण्डारी (महासचिव " " ")
- श्री दिव्यश्वर बराल (नेपाल महासंघ सुनसरी)
- श्री रोप बहादुर महतरा (निजी व्यवसायी एकताससमाज सुनसरी)
- श्री कृष्ण प्रसाद कोइराला अध्यक्ष नेपाल बायोग्यास …
- श्री राम ब. गुरुङ उप-प्रमुख (डिभिजन)
- श्री पोषण खरेल इलेक्ट्रोनिक्स व्यवसायी संघ अध्यक्ष
- श्री ४, श्री अनिरुद्ध … पौडेल … सुनसरी अ…
- श्री सरिता रावत (डि.नै.गा. अध्यक्ष)
- श्री

सहजकर्ता

१. अनिरुद्ध न्यौपाने, कनिटेड नेपाल
२. महेश घिमिरे, सहजकर्ता
३. शीतल नगार, कनिटेड नेपाल
४. सहन रायमाझी, "

अनुसूची ३ : राजस्व सुधार कार्ययोजनालाई अन्तिम रुप प्रदान गर्ने सम्वन्धी बैठक

आज मिति २०७५ साल श्रावण ४ गते [illegible]
नगरपालिकाका नगरप्रमुख श्री मोहनमाया ढकाल ज्यू को अध्यक्षतामा
कमिटेर नेपाल काठमाडौंको सहजिकरणमा यस वीरेन्द्रनगर नगरपालिकाको
राजस्व सुधार कार्ययोजना (२०७५/७२–८३/८४) सम्वन्धमा उद्योग
वाणिज्य निजी क्षेत्र लगायत तपसिल बमोजिमको उपस्थितिमा मस्यौदा
प्रतिवेदन प्रस्तुतीकरण तथा छलफल कार्यक्रम सम्पन्न गरियो।

उपस्थिति :-

श्री मोहनमाया ढकाल – नगर प्रमुख वी.न.पा – अध्यक्ष
श्री जनक बहादुर रावल – वडा अध्यक्ष वी.न.पा-६
श्री ध्रुव कुमार चपाई – वडा अध्यक्ष वी.न.पा-७
श्री टिकाराम शर्मा – वडा अध्यक्ष वी.न.पा-८
श्री [illegible] गिरी – वडा अध्यक्ष वी.न.पा-९
श्री नवराज गुरुङ – कार्यपालिका सदस्य
श्री यमुना नेपाली – कार्यपालिका सदस्य
श्री. [illegible] – महाकृषि उद्योग वाणिज्य संघ

श्री धिरेन्द्र प्रसाद शर्मा – प्रमुख प्रशासकीय अधिकृत वी.न.पा.
श्री टंक प्रकाश लामिछाने – अधिकृत सातौं
श्री दिपेन्द्र सुवेदी – अधिकृत सातौं
श्री पुष्प केशर खनाल – अधिकृत छैठौं
श्री बन्दना पौडेल – अधिकृत छैठौं
श्री डिल बहादुर भण्डारी – सूचना प्रविधि अधिकृत
श्री देव प्रसाद मलेत – वडा सचिव वी.न.पा-६
~~श्री खगेश्वर घिमिरे – सहायक पाँचौं~~
श्री मनोज पौडेल – वडा सचिव वी.न.पा.-८
श्री दिपा अधिकारी – कम्प्युटर सहायक (वी.न.पा.)
श्री रेखा के.सी. – ६ नं वडा कार्यालय सुर्खेत
श्री [illegible] के. [illegible] – को.ले.

सहजकर्ता
श्री महेश घिमिरे – कमिटेर नेपाल
श्री अनिरुद्ध न्यौपाने – कमिटेर नेपाल

श्री मोहन कार्की
भक्त अधिकारी
विष्णु प्रसाद आचार्य
गोविन्द प्रसाद खनाल

अनुसूची ४ : २०८२ पौष ३० गतेको स्थानीय राजस्व परामर्श समितिको बैठकको निर्णय

आज मिति २०८२ साल पौष १८ गतेका दिन यस वीरेन्द्रनगर नगरपालिकाका नगर उप-प्रमुख एंव राजश्व परामर्श समितिका संयोजक श्री निलकण्ठ खनालज्युको संयोजकत्वमा तपसिल बमोजिमको उपस्थितिमा राजश्व परामर्श समितिको बैठक बसी निम्नानुसार गर्ने निर्णय गरियो।

उपस्थिति

श्री निलकण्ठ खनाल - नगर उप-प्रमुख वी.न.पा - संयोजक
श्री लक्ष्मी प्रसाद वाँस्कोटा - प्रमुख प्रशासकीय अधिकृत - सदस्य
श्री ध्रुव कुमार चपाई - वडा अध्यक्ष वी.न.पा 6 - सदस्य
श्री यमुना नेपाली - कार्यपालिका सदस्य - सदस्य
श्री हर्ष विक्रम खड्का - अध्यक्ष, सुर्खेत उद्योग संघ - सदस्य
श्री पुष्प केशर खनाल - आ.लेँ.प - सदस्य सचिव

आमन्त्रित

श्री जनक बहादुर रावल - अध्यक्ष वी.न.पा ६
श्री टिकाराम शर्मा - अध्यक्ष वी.नपा ८
श्री प्रकाश पौडेल - वरिष्ठ शाखा अधिकृत
श्री सुशिल शर्मा - वरिष्ठ लेखा अधिकृत
श्री सरस्वती बुढा - लेखापाल
श्री खगिसरा घिमिरे - प्रशासकीय अधिकृत
श्री दिपा अधिकारी - कम्प्युटर सहायक

सहजकर्ता

हेमराज लामिछाने - EU प्राविधिक सहायता (TA)

निर्णयहरु :-

(१) आज बसेको स्थानिय राजश्व परामर्श समितिको बैठकमा मस्यौदा राजश्व सुधार कार्ययोजना २०८१ लाई अद्यावधिक गरी पेश गरिएको राजश्व सुधार कार्ययोजना, २०८२ माथि छलफल भयो। छलफलबाट प्राप्त प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरेर आगामी नगर कार्यपालिकाको बैठकमा अनुमोदनका लागि पेश गर्ने निर्णय भयो।

(२) अब आउने राजश्व परामर्शको नगरक्षेत्र भित्रका सामुदायिक वन हरुलाई उपस्थिति गराउने निर्णय गरीयो।

अनुसूची ५ : विभिन्न चरणमा नगरपालिका र वडा स्तरमा भएका बैठक तथा अन्तरक्रियाका तस्वीरहरू